जनकपुर
टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

'राष्ट्रिय गौरवका आयोजना समयमै सम्पन्न हुने' पृष्ठ ५ मा

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २३ • अंक ३० • २०७७ साल असार ४ गते बिहिबार (18 June, Thursday, 2020) • मूल्य रु. ५।-

# आजदेखि प्रदेश सभामा बजेटमाथि छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम ।प्रदेश २ को अगामी आर्थिक वर्ष २०७७/७८ को बजेटमाथि विहिवारदेखि प्रदेश सभामा छलफल सुरु हुने भएकोछ।

गत १ गते सोमवार प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री विजय कुमार यादवले प्रदेश सभामा अगामी वर्षको बजेट प्रस्तुत गरेका थिए।

प्रदेश सभाका सचिव रञ्जित यादवले जनाए अनुसार दिउँसो १ बजे प्रदेश सभाको बैठक बोलाइएकोछ ।बजेटमाथिको छलफल प्रारम्भ हुनेछ ।प्रदेश सभामा प्रस्तुत हुने चरणमा रहेका अन्य विधेयकहरुपनि पेश हुने उनले बताए।

आर्थिक मामिला मन्त्री यादवले प्रस्तुत गरेको ३३ अर्व ५६ करोड ९ लाख ८९ हजारको बजेट मध्ये चालु तर्फ १५ अर्व ४२ करोड २६ लाख ९८ हजार ( ४५.९५ प्रतिशत) र पुँजीगत तर्फ १७ अर्व ९७ करोड ८२ लाख ९१ हजार ( ५३.६७ प्रतिशत )र वित्तीय व्यवस्था तर्फ १६ करोड ( ०.४८) प्रतिशत रहेको छ ।प्रस्तुत बजेट १ अर्ब ऋणात्मक रहेकोछ।

बजेटमा उल्लेख गरिए अनुसार आन्तरिक स्रोतबाट १२ अर्ब उठाउने लक्ष्य पुरा गर्नु चुनोतीपूर्ण रहेको अर्थविज्ञहरुले टिप्पणी गरकाछन् ।यद्यपी आर्थिक मामिला मन्त्री यादवले भने बजेट यथार्थपरक र लक्ष्यप्राप्त गर्न सक्ने रहेको दावी गरेका छन्।

गत वर्षको तुलनामा बजेट ५ अर्बको हाराहारीमा कम रहेकोछ ।संघीय सरकारले ४ अर्ब भन्दा बढी बजेट कटौती गरेपछि प्रदेशको बजेट खुम्चिएकोछ।

कोरोना भाइरस रोकथामका लागि स्वास्थ्य र स्वरोजगारीका लागि बजेटले कृषिलाई प्राथमिकतामा राखेकोछ ।बजेटमा गत आर्थिक वर्षको बक्यौता भुक्तानीका लागि ८६ करोड ५० लाख विनियोजन गरिएकोछ।

अगामी आर्थिक वर्षको बजेटले नीति तथा कार्यत्रममा उल्लेखित कयौं विषयहरुलाई समेटन सकेको छैन् ।त्यसमध्ये गौर राइस मिलको अधिग्रहणपनि हो।

बक्यौता भुक्तानीका लागि सरकारको नीति तथा कार्यत्रम पारित हुन नदिन सत्तारुढ दलका सभासदहरुले समेत अडान लिएका थिए ।जेठ ३२ गते नीति तथा कार्यत्रम पारित भएको थियो ।विपक्षीहरुले नीति तथा कार्यत्रम पास गर्न नसघाएपनि सत्तारुढ दलहरुके सभासदको समर्थनमा पारित भएको थियो। असार १ गते प्रदेश सभामा बजेट प्रस्तुत भएको थियो।

प्रदेश सभाको अहिले चौथो अधिवेशन चलिरहेकोछ।यस अघि तेस्रो अधिवेशनले गत वर्षको बजेट र हिउँदे अधिवेशनलाई खाएको थियो ।अन्य प्रदेशहरुमा छैठौं अधिवेशन चलिरहेकोछ।

# नागरिकता सम्बन्धी विधेयक समितिमा अड्कियो

**टुडे समाचारदाता**

काठमाण्डु ।अंगीकृत नागरिकता पाउने विदेशी नागरिकलाई ७ वर्ष कुनुपर्ने नागरिकता सम्बन्धी कानुन बुधवार समितिबाट पास हुन सकेन्।

राज्यव्यवस्था तथा सुशासन समितिको बैठकमा नेपाली काँग्रेसका सांसद दिलेन्द्र बडुले संविधानको भावना विपरित समयावधी तोकेर अंगीकृत नागरिकता दिने प्रावधान राख्न नहुने बताउँदै हाल रहेको प्रावधानलाई नै राख्नुपर्ने बताएपछि प्रस्ताव पास हुन सकेन्।

काँग्रेस पदाधिकारीको बिहान बसेको बैठकले नागरिकता विधेयकमा ७ वर्षको प्रावधान राख्न नहुने निर्णय गरेको थियो ।त्यसपछि संसदीय समितिको बैठकमा नागरिकतासम्बन्धी विधेयकमा काँग्रेसले असहमति जनाए।

बैठकमा समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी(राजपा)ले पनि विधेयकको बिरोधगर्दै आएका छन्।समितिमा सहमति जुट्न नसकेपछि गृहमन्त्री रामबहादुर थापाले राजनीतिक रुपमा सहमति जुटाउन थप ५ दिन समय मागेपछि समितिका सभापति शशी श्रेष्ठले समय थप गरेकी छन्।

समितिको मंगलवार बसेको बैठकमा विधेयक पास गरेर संसदको पूर्ण बैठकमा पठाउने तयारी भएपनि काँग्रेसका सांसदले एक दिनको समय माग गरेका थिए। पार्टी पदाधिकारी बैठकले हाल रहेको अंगीकृत नागरिकताको प्रावधानमा ७ वर्षको समयसीमा नराख्ने निर्णय अनुसार नै काँग्रेसका सांसद बैठकमा प्रस्तुत भए ।त्यसपछि गृहमन्त्री थापाले राजनीतिक सहमति जुटाउन ५ दिन समय थप्न माग गरे।

नागरिकतासम्बन्धी विधेयकमा नेपालीसँग बिहे गरेर आएकी विदेशी महिलालाई नागरिकता दिने अवधिबारे राजनीतिक दलहरुबीच मतान्तर रहेको छ। काँग्रेस, समाजवादी र राजपाले २०६३ सालको नागरिकता ऐन अनुसार नेपालीसँग बिहे गरेर आएकी विदेशी बुहारीलाई तत्काल नेपाली नागरिकता दिनुपर्नेमा अडानलिंदै आएकाछन्।

तर सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी(नेकपा)ले विदेशी बुहारीलाई ७ वर्षपछि मात्रै नागरिकता दिने प्रावधानमा अडान लिइरहेको छ ।समितिको बैठकमा नेकपा सांसदहरुले विदेशी बुहारीलाई ७ वर्ष स्थायी बसोबासपछि वैवाहिक अंगिकृत नागरिकता दिने र त्यसअघिका लागि आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार प्रयोग गर्न पाउने परिचयपत्र दिनेमा सहमति गरेर विधेयक पास गर्न जोड दिएको सांसद अमरेश कुमार सिंहले जनाए।

'तराइमा हरेक वर्ष हजारौंको संख्यामा भारतीय चेलीहरु बुहारीको रुपमा नेपाल आउँछन्' उनले भने, तर ७ वर्ष सम्म उनीहरु अनागरिक भएर बस्दा उत्पन्न हुने अनेकौ समस्यालाई राज्यले सम्बोधन गर्न सक्दैन् ।तराईका कयौ जातीको बिहा भारतमा नभए स्वजातिय चेली पाउन कठिन हुनेछ।




# ५८६ जनामा संक्रमण पुष्टि कुल संख्या ७१७७

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा पछिल्लो २४ घण्टामा ५ सय ८६ जनामा कोरोना भाइरस (कोभीड-१९)को संक्रमण पुष्टि भएकोछ ।स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले बुधबार ५ सय ८६ जनाको पीसीआर रिपोर्ट पोजिटिभ आएको बताएका छन्। योसँगै देशमा कोरोना भाइरस संक्रमितको संख्या बुधवार दिउँसो सम्म ७ हजार १ सय ७७ पुगेको छ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, काठमाण्डुमा भएको स्वाब परीक्षणमा २ सय ६५, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ५,प्रादेशिकजनस्वास्थ्य प्रयोगशाला विराटनगरमा ११, प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुरमा २७, नारायणी अस्पताल वीरगञ्जमा ६, भरतपुर अस्पताल प्रयोगशाला चितवनमा ९९, त्रीवी शिक्षण अस्पताल महाराजगञ्जमा १,पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखरामा २०, प्रादेशीक जनस्वास्थ्य प्रयोगशाला रुपन्देहीमा ५९, भेरी अस्पताल प्रयोगशालामा ३२, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङमा ३३, प्रादेशिक अस्पताल सुर्खेतमा ४, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा १४, सेती प्रादेशीक अस्पतालमा ७ गरी बुधबार कुल ५ सय ८६ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएकोछ ।संक्रमितहरु मध्ये ४० जना महिला र ५सय ४६ जना पुरुष छन्।

अहिलेसम्म पीसीआर विधिबाट १ लाख ४९ हजार ७ सय ७२ टेस्ट बुधवार सम्म भएको मन्त्रालयले जनाएकोछ। त्यसैगरि आरडीटी विधिबाट २ लाख ३३ हजार ५ सय ४३ जनाको टेस्ट गरिएको प्रवक्ता डा.गौतमले बताए। हाल सम्म १ हजार १ सय ६७ जनाले उपचार गराई निको भएर घर फर्केको मन्त्रालयले जनाएकोछ।

**महोत्तरी जिल्लाको सम्सी गाउँपालिकामा २ सय ७३ जना कोरोना भाइरस संक्रमित पुष्टि भएपछि जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रले बुधवार राती १२ बजेदेखि लागु हुनेगरि ७२ घण्टाका लागि सबै नाकालाई सिल गरेकोछ ।तर अत्यावश्यक एम्बुलेन्स, औषधी पसल, स्वास्थ्य सेवा र मृत्यु संस्कार बाहेकका सम्पूर्ण क्रियाकलाप बन्द रहने जिल्ला प्रशासन कार्यालय महोत्तरीले जनाएकोछ।**

मन्त्रालयका अनुसार क्वारेन्टाइनमा १ लाख २५ हजार ७ सय ९८ जना रहेकाछन्। प्रवक्ता डा.गौतमले ५ हजार ९ सय ९० जनाको आइसोलेसनमा उपचार भइराखेको बताए। कोरोना भाइरसको संक्रमणबाट बुधवार थप १ जनाको मृत्यु भएको छ। योसँगै मृत्यु हुनेको संख्या २० पुगेको हो। बाँकेकी ४६ वर्षीया महिलाको मृत्युपछि पीसीआर रिपोर्ट पोजिटिभ आएको प्रवक्ता डा.गौतमले जनाए। कोरोना संक्रमण ७३ जिल्लामा फैलिसकेको उनले बताए।

यसैबीच प्रदेश २ को समाजिक विकास मन्त्रालयले जनाए अनुसार प्रदेशमा हाल सम्म संकलित ३४ हजार ९ सय ६७ स्वाब मध्ये परीक्षण भएको २४ हजार ८ सय ३ मा २ हजार ७ सय १५ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो ।मन्त्रालयका अनुसार त्यस मध्ये २ जनाको मृत्यु भएकोछ ।१० हजार १ सय ६४ स्वाब टेस्ट हुन अझै बाँकी छ ।सिरहा र महोत्तरीमा बुधवारपनि स्वाब संकलन भएको छैन्।

महोत्तरी जिल्लाको सम्सी गाउँपालिकामा २ सय ७३ जना कोरोना भाइरस संक्रमित पुष्टि भएपछि जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रले बुधवार राती १२ बजेदेखि लागु हुनेगरि ७२ घण्टाका लागि सबै नाकालाई सिल गरेकोछ ।तर अत्यावश्यक एम्बुलेन्स, औषधी पसल, स्वास्थ्य सेवा र मृत्यु संस्कार बाहेकका सम्पूर्ण त्रियाकलाप बन्द रहने जिल्ला प्रशासन कार्यालय महोत्तरीले जनाएकोछ।

प्रदेश २ को रौतहट जिल्लामा मात्र १ हजार ५ जनामा संक्रमण पुष्टि भएको समाजिक विकास मन्त्रालयले जनाएकोछ ।सर्लाहीमा ५सय ३३, सर्लाहीमा ५ सय ७, धनुषामा २ सय ११, पर्सामा १ सय ५३, सप्तरीमा १ सय ३२, बारामा १ सय र सिरहामा ७१ जनामा कोरोना भाइरस संक्रमणको पुष्टि भएको मन्त्रालयले जनाएकोछ।

प्रदेश २ को क्वारेन्टाइनमा १२ हजार ३ सय ३३, होम क्वारेन्टाइनमा १४ हजार ८ सय ३२ र आइसोलेशनमा ९ सय ३० जना रहेको समाजिक विकास मन्त्रालयले जनाएकोछ।



# रौतहटमा संक्रमितको संख्या हजार पार सीमाबाट आवागमन जारी


**राकेश यादव**

गौर। रौतहट जिल्लामा कोरोना भाइरस कोभिड्-१९ संक्रमितको संख्या १ हजार नाघेको छ। क्वारेंटाइनमा बसेकाहरुको संकलन गरिएको स्वाब परीक्षणको रिपोर्ट सार्वजानिक भए सँगै जिल्लामा संक्रमितको संख्यामा बृद्धि भएको हो।

४ दिनदेखि लगातार आउदै गरेको पोजेटिव रिपोर्टले संख्या थपिदै गएको छ। हाल सम्म संक्रमितको संख्या १०४६ पुगेको छ। बुधवार स्वास्थ्य तथा जनसँख्या मंत्रालयले सार्वजानिक गरेको विबरण अनुसार रौतहटमा १२५ जना महिला पुरुषमा कोरोना पोजेटिव पाइएको छ। जसमा एक १३ महिनाको बच्चा पनि रहेको छ।

कोरोना भाइरसको प्रकोप प्रति दिन बढ्दै गएको बेला बाजार भने सुगम बनाइएको छ। थप भएको पोजेटिवमा परोहा नगरपालिकामा २० ,बौधिमाई नगरपालिकामा ११, देवाही गोनाही नगरपालिकामा ८, ईशनाथ नगरपालिकामा ६ , मौलापुर नगरपालिकामा ३ जना रहेको छ भने ७७ जनाको वतन यकीन नभएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ।

पहिलाको अवस्था जस्तै विभिन्न किसिमको पसल हरु सञ्चालनमा आएको छ। गैर खादय पसल लगायत होटलहरु पनि सञ्चालन गरिएकोले बाजारमा भीड़भाड़ बढेकोले कोरोनाको जोखिम उच्च भएको छ। जिल्ला प्रसाशन कार्यालयले पटक पटक निर्णय गरे पनि कड़ाईका साथ कार्यान्वियन हुन सकेको छैन। निजी सवारी साधनमा जोर विजोर प्रणाली अवलम्बन गरिएपनि कार्यान्यिवयनमा फिलतो पाइएको छ।



जिल्ला सुरक्षा समितिले संक्रमण रोकथाम गर्न कड़ाई गर्नु पर्ने भन्दै आएको छ तर व्यावहारिक रुपमा लकडाउन समापत पारिएको अवस्था रहेको छ। भौतिक सामाजिक दुरीको पूर्ण रुपमा धज्जिया उडाउने कार्य भए पनि प्रसाशन मुख दर्शक भएर बसेको अवस्था रहेको छ। नेपाल भारत खुल्ला सिमानामा चोर बाटो भएर देनिक रुपमा स्थानीयहरुको आवागवन निर्विबाद रुपमा भैरहेकोले रौतहटमा भयाभह स्थति सृजना हुने खतरा भएको छ।

विश्वभरीमा महामारीको रूप लिएको कोरोनाको कारन लाखौ मानिसले ज्यान गुमाई सकेको अवस्थामा रौतहटमा भाइरसको संक्रमण सित प्रसाशनले मजाकको दृस्टिबाट हरिदे गरेकोले संक्रमण स्थानीय स्तरमा फैलन सकिने सम्भावना बढेको बुद्धिजीवीहरु भनाइ रहेको छ। स्थानीय प्रशासनको निष्क्रियताले मानवीय जोखिम बढ्ने स्थानीयहरुको आरोप रहेको छ।

सदरमुकाम गौरमा व्यवसाय गरेका भारतीय नागरिकहरु दिनहु गौरमा आउने गरे पनि क्वारेंटाइनमा राख्न प्रसाशनले उत्सुकता देखाएको छैन। मुख्य नाकामा बेरियर लगाएर आवागमन जाम गरिए पनि नेपाली नागरिक भारतको बैरगनिया र बैरगनियाको नागरिक नेपालमा कसरी आउने गरेको छ भनी प्रशासनको लागि प्रश्न खड़ा भएको छ।

सीमामा खटिएका प्रहरीको मिलोमतोमा आवागमन भैरहेको सहज रुपमा बुझ्न सकिन्छ। बाजार पूर्ण रुपमा खुल्ला गरिएकोले सिमा पनि खोल्नु पर्ने मांग उठन थालेको छ। कोरोनाको संक्रमण रोक्नु पर्ने छ भने लकडाउन कड़ा गर्नु पर्ने एक मात्र विकल्प रहेको छ।

# उन्नत जातको बोका वितरण



**दिपु मिश्र**

चन्द्रपुर। रौतहटको चन्द्रपुर नगरपालिकाको आर्थिक बिकास समितिले पशु तथा कृषि सहकारी संस्थाका कृषकलाई उन्नत जातको बोका वितरण गरेको छ। बुधबार एक कार्यत्रक्रमको आयोजना गरि चन्द्रपुर नगरपालिको वडा नम्बर ५ स्थित पशु सेवा कार्यालय बाट नगरको दश वटा वडाको संस्थालाई एक-एक वटा बोका बितरण गरिएको हो।

नगरपालिकाको आर्थिक विकास समितिद्धारा पशु सेवा कार्यालय चन्द्रपुर शाखाको आर्थिक वर्ष २०७६/७७ को ९० प्रतिशत बजेटबाट ८३ प्रतिशत बोयर जातको बोका बितरण गरिएको आर्थीक बिकास समितिका सदस्य संजय काफ्लेले बताए। उनका अनुसार बुधबार नगरपालिकाको ५ वटा वडामा रहेको संस्थालाई वितरण गरिएको बताउदै अन्य वडामा रहेको संस्थाका कृषकलाई फाईदा पुग्ने गरी बितरण गरिदै जाने बताए।

बितरण गरिएको मध्ये वडा नम्बर ७ को सन्तपुर सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लिमिटेड, वडा नम्बर ४ को श्री दलित तथा जनजाति गरिवी निवारण पशु विकास कृषि सहकारी संस्था लिमिटेड, वडा नम्बर ५ को धर्मानिन्द कृषि विकास बाख्रा फर्म, वडा नम्बर ३ को श्री पुर्ण सहभागिता उद्यमी महिला कृषि सहकारी संस्था लिमिटेड र वडा नम्बर १ को सुयाटोल कृषक समुहका संचालकहरुलाई बोका हस्तान्तरण गरिएको छ। पशु सेवा विकास शाखाको ९० प्रतिशत वजेट तथा कृषक संस्था प्रतिनिधीहरुको १० प्रतिशतको लागत सहभागितामा ४ लाख पचास हजारको बोयर जातको बोका वितरण गरिएको पशु सेवा शाखाका भेटनरी अधिकृत दुर्गा प्रसाद चिमोरीयाले जानकारी दिए। मासु उत्पादनको लागि बाख्राहरुमा नश्ल सुधार गर्न हरेक वडाको कृषि फर्ममा एक-एक वटा बोका बितरण गरेको पशुसेवा शाखाका प्रमुख खडक बहादुर मैनालीले बताए।

सो कार्यक्रममा चन्द्रपुर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत कृष्ण प्रसाद सिग्देल, लेखा शाखाका प्रमुख तारा निरौला, चन्द्रपुर वडा नम्बर ४ का वडा अध्यक्ष अमर आले, संचारकर्मी लगाएत कर्मचारीहरुको उपस्थिती रहेको थियो।

# २७३ जना संक्रमित थपिएपछि सम्सी गापा सिल

**सुरेन्द्र सिंह**

बर्दिबास। महोत्तरीको सम्सी गाउँपालिकालाई सील गर्ने भएको छ। सम्सी गाउँपालिका स्थित बिभिन्न क्वारेन्टाइनमा रहेका व्यक्तिहरुमध्ये हालसम्म प्राप्त भएको रिपोर्टमध्ये २७३ जनामा कोरोना संक्रमण पुष्टि पछि गाउँपालिकालाई सिल गर्ने निर्णय गरिएको नगरप्रमुख मो. शेखथारुकले बताए।




गाउँपालिकालाई बुधबार राति १२ बजेदेखि शनिबार राति १२ बजे सम्म सिल गरिएको जिल्लाका सूचना अधिकारी कामेश्वर यादवले बताए। लकडाउनको अवधिभर अत्यावश्यक सेवा जस्तैः औषधि पसल, एम्बुलेन्स सेवा, स्वास्थ्य सेवा, मृत्युसंस्कार बाहेक सम्पूर्ण क्रियाकलाप निषेध गर्ने भएको छ। सम्सीमा २७३ जना संक्रमित भेटाएपछि स्थानीयवासीहरु त्रसित भएका छन्।

# मलको अभाव हुँदैन : मन्त्री भुसाल

काठमाण्डु। कृषि तथा पशुपक्षी विकासमन्त्री घनश्याम भुसालले कृषि उत्पादनका लागि मलको अभाव नहुने बताउनुभएको छ। विनियोजन विधेयक, २०७७ अन्तर्गत कृषि तथा पशुपक्षी विकास मन्त्रालयलगायत विभिन्न शीर्षकमाथि राष्ट्रियसभामा छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले गत वर्ष तीन लाख मेट्रिकटन मल ल्याएको र यस वर्ष एक लाख पाँच हजार मेट्रिक टन मल किन्ने तयारी गरेको जानकारी दिनुभयो।

कोरोना भाइरसका कारण १० हजार मेट्रिक टन मात्र मल ल्याएका छौँ, ११ लाख मेट्रिक टन बाटोमा छ, मन्त्री भुसालले भन्नुभयो, मलको अभाव भएको छैन, मलको हाहाकार भएको होइन, अभाव हुन दिन्नौँ। मन्त्री भुसालले कृषि क्षेत्रको कार्यक्रम ठीक ढङ्गले अगाडि बढेको जानकारी गराउँदै कृषिमा क्रान्ति नै गर्ने तयारी सरकारले गरिरहेको उल्लेख गर्दै सबै प्रदेशले कृषिमा लगानी गर्न बजेट छुट्याएको खुशी व्यक्त गर्नुभयो।

उहाँले सबै तरकारी विदेशबाट आयो नेपालको सबै तरकारी कुहियो भनिएको तथ्य सत्य नभएको र गोलभेँडा, हरियो खुर्सानीजस्ता वस्तु नेपाली उत्पादनले पुग्ने गरेको बताउनुभयो। आगामी दिनमा धेरै फलफूल र तरकारी स्वेदशमै उत्पादन पुग्ने बताउनुभयो।रासस

# हात्तीसार जाने सडक निर्माण हुँदै

**टुडे समाचारदाता**

जीतपुर। बाराको जितपुर सिमरा उपमहानगरपालिका वडा नम्बर २१ अमलेखगंजमा ५० लाखको लागतमा हात्तीसार जानेबाटो ढलान कार्य सुरु भएको छ।

पर्यटन क्षेत्रको रुपमा बिकसित हुनलागेको हात्ती सार जाने सडकको ढलान कार्यको बुधबार एक कार्यक्रमका बीच शुरु गरिएको छ। प्रदेश सभा सदस्य सीता गुरुङको निर्वाचिन क्षेत्र विकास कार्यक्रम अन्तर्गतको ५० लाख बिनियोजित बजेटबाट उक्त सडक निर्माण हुन लागेको हो।



प्रदेशसभा सदस्य सुन्दर विक र सीता गुरुङगले बारामा पर्यटनको बिकासको लागि आफुहरु लागि परेको बताए। पर्यटन विकासको लागि आफुहरु सक्दो सहयोग गर्न तयार रहेको बताऐ।

उपभोक्ता समितिका अध्यक्ष बिस्शु मान्नधरको सभापतित्वमा र बिकास साहको सहजीकरणमा कार्यक्रम सम्पन्न भएको थियो।सड्क ढलान कार्यक्रममा नेकपा बाराका अध्यक्ष क्षेत्र बहादुर श्रेष्ठ, नेकाका नेताहरु राजन पौडेल, मनोज पौडेल, जितपुर सिमरा उपमहानगरपालिका वडा नम्बर २१ का अध्यक्ष कृष्ण शाही ठकुरी,होटल तथा पर्यटन ब्यवसायी संघ प्रदेश नम्बर २ का सचिव मोहन शर्मा,नेकपाका स्थानीय नेताहरु गोपाल घलान, सुभास श्रेष्ठ,नेपाली कांग्रेसका राजकुमार मान्नधरलगायतको उपस्थिति रहेको थियो।

# पैसालाई सङ्क्रमणरहित बनाउन ‘प्लाज्मा आयोन टेक्नोलोजी’

काठमाण्डु। तपाईलाई थाहा छ ? पैसाबाट कोरोना भाइरस सर्ने सम्भावना धेरै हुन्छ। पैसा नभए हाम्रो घर व्यवहार चल्दैन। जहाँ जानुस् पैसा छैन भने कुनै काम बन्दैन। तर हामीले ख्याल गर्नैपर्छ कि पैसाबाट पनि विभिन्न सङ्क्रमण फैलिने गर्छन्।

दैनिकरुपमा प्रयोग गर्ने पैसा हामीले सोँचेभन्दा बढी फोहर हुन्छ। एउटा नोटमा सयौँ किसिमका ब्याक्टेरिया, फङ्गस तथा भाइरस हुन्छन्। पैसा अन्यन्तै क्रियाशील हुने र जसको हातमा पनि पुग्ने भएकाले पैसा विभिन्न रोगको संवाहक हुनसक्छ। कागज तथा कटनको नोटमा भन्दा पोलिमर नोटमा जीवाणु कम समय रहन्छन्। नोटभन्दा ‘क्वाइन’मा भाइरस तथा ब्याक्टेरिया धेरै समय रहन्छ। नोटमा दुई दिनसम्म र क्वाइनमा लामो समयसम्म भाइरस रहन सक्छ।

स्विस अध्ययनले पैसामा १२ दिनसम्म जीवाणु रहनसक्ने बताएको छ। क्यासको विकल्पका रुपमा कार्ड प्रयोग गरिने अभ्यास छ। कार्ड पनि सङ्क्रमित हुनसक्छ। पैसाका माध्यमबाट कोभिड-१९ सर्ने खतरा देखिएपछि छिमेकी मुलुक चीनमा गत फागुनमा करिब ८४ हजार करोड पैसा नष्ट गरियो। पैसाका माध्यमबाट कोरोना फैलने सम्भावनालाई न्यून गर्न चीन सरकारले केन्द्रीय बैंकको सहयोगमा कोरोना प्रभावित क्षेत्रबाट सङ्कलन गरिएका ती पैसा नष्ट गरेको हो।

यसअघि गरिएको अध्ययनले पैसाबाट पनि विभिन्न प्रकारका भाइरस सर्ने सम्भावना अधिक भएको पुष्टि गरिसकेको छ। न्युयोर्क युनिभर्सिटिले गरेको एक अध्ययनअनुसार पैसामा पनि ‘सुक्ष्म जीव’ बाँच्न र हुर्कन उपयुक्त वातावरण भएको प्रमाणित भइसकेको छ। चिकित्सकले पनि कुनै पनि भाइरसका जीवाणु पैसामा करिब दुई सातासम्म जीवित रहनसक्ने बताउँदै आइरहेका छन्। नेपालको पैसामा अनुसन्धान भएको पनि छैन। तर यसबारे हामी सजक रहनुपर्छ।

पैसामा तीन हजारभन्दा बढी प्रकारका किटाणु जस्तै भाइरस, ब्याक्टेरिया, सामान्य किटाणु, ढुसी देखा परेका छन्। त्यस अध्ययनमा बैंकबाट निकालिएको पैसामा आठ प्रकारका ब्याक्टेरिया देखिएका थिए। अध्ययनअनुसार तरकारी बजार, मासु पसल, पान पराग पसल, पेट्रोलपम्प, जुत्ता सिलाउने पसल र माग्नेसँग भएको नोटमा शतप्रतिशत जीवाणु हुने पुष्टि भएको छ। विभिन्न किसिमका प्राणघातक सरुवा रोगको ब्याक्टेरियाले पैसामा सङ्क्रमण भएको पुष्टि गरेको छ। संयुक्त राज्य अमेरिकाको पैसामा कोकेन भएको ‘फरेन्सिक साइन्स इन्टरनेशनल’ले प्रमाणित गरिसकेको छ। हेपाटाइटिस सीको स्रोतका रुपमा कोकेनलाई लिइन्छ। यसैगरी दक्षिण अफ्रिकाको पैसामा पनि ९० प्रतिशत विभिन्न किसिमका प्राणघातक ब्याक्टेरिया तथा ढुसीबाट दूषित भएको पाइएको छ। मास्टर कार्डका अनुसार शौचालय र जुत्ताको तलुवाभन्दा पैसा बढी फोहर भएको परीक्षणका क्रमममा पाइएको थियो।

कोरोना भाइरसले विश्वव्यापीरुपमा प्रभाव जमाउँदै गएसँगै विश्वस्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले समेत कारोना भाइरस पैसाबाट पनि सर्ने भएकाले यसबाट बच्ने उपायको प्रयोग गर्न आग्रह गरिसकेको छ।

**पैसामा ब्याक्टेरिया कसरी विकसित हुन्छन् ?**

विभिन्न कारणबाट पैसामा ब्याक्टेरियाका फैलावट हुने इञ्जिनीयर राम बाडेले बताउनुभयो। पैसाको प्रयोग गर्दा जथाभावी कच्याककुचुक गरी राख्ने गरेमा अझ बढी ब्याक्टेरिया भाइरस फैलने सम्भावना ज्यादा हुन्छ। दैनिकरुपमा पैसा एक हातबाट अर्को हात हुँदै अत्यधिक आदानप्रदान हुनु भनेकै एक व्यक्तिको रोग अर्को व्यक्तिमा सार्ने जस्तै हो, उहाँले भन्नुभयो, “जति बढी पैसाको प्रयोग आउँछ उति नै बढी प्रदूषण फैलने सम्भावना हुन्छ। दैनिकरुपमा प्रयोगमा आएका पैसामा मानिसहरुको थुक, दिशा पिसाब, खोकी तथा हाच्छ्युँ आदिबाट समेत दूषित हुन्छ। नेपाली पैसाको प्रदूषणस्तर जाँच गर्दा प्रष्टै देखिने उहाँको भनाइ छ।रासस

# लकडाउनमा १०८ अन्तरराष्ट्रिय उडान

काठमाण्डु। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले बन्दाबन्दीका अवधिमा मुलुकको एकमात्र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट १०८ अन्तराष्ट्रिय उडान भएका बताउनुभएको छ। राष्ट्रियसभाको आजको बैठकमा विनियोजन विधेयक, २०७७ अन्तर्गत पर्यटन मन्त्रालयको विभिन्न शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै पर्यटनमन्त्री भट्टराईले बन्दाबन्दीको भण्डै तीन महिनाको अवधिमा १०८ उडान भएको र यीमध्ये ६६ यात्रु चार्टर्ड उडान र ४२ कार्गो उडान रहेको जानकारी दिनुभयो।

यी उडानबाट ११ हजार ८८५ यात्रु आवतजावत गरेका छन्। सबैभन्दा बढी ११ हजार ७०२ स्वदेशी तथा विदेशी बन्दाबन्दीको अवधिमा अन्तरराष्ट्रिय विमानस्थल हुँदै बाहिरिएका छन्।रासस

## यादव र सदाका परिवारलाई पाँच/पाँच लाख

**टुडे समाचारदाता**

जनकपुरधाम। प्रदेश २ सरकारले शम्भु सदा र वीरेन्द्र यादवको परिवारलाई राहतस्वरुप पाँच/पाँच लाख दिने निर्णय गरेको छ। मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले राहत दिने निर्णय गरेको हो।

हिरासतमा निधन भएका सदा र भारतबाट आउँदै गर्दा जटही नाकामा मृत्यु भएका यादवको परिवारलाई सो रकम राहतस्वरुप उपलब्ध गराउने निर्णय भएको हो।

## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : अवसर प्राप्त। |
| बृष | : भ्रमण अवसर हुने। |
| मिथून | : प्रतिभा सम्पन्नता। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : शिक्षामा उन्नति। |
| तुला | : सुख समृद्धि हुने। |
| बृश्चिक | : धन बृद्धि सञ्चय। |
| धनु | : नयाँ कार्य हुने। |
| मकर | : बौद्धिक क्षमता। |
| कुम्भ | : वाद विवादबाट बच्नु। |
| मीन | : पुरस्कार प्राप्त लाभ। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पिसिआर परीक्षण दायरा छिमेकी मुलुकभन्दा माथि : मन्त्री ढकाल

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले कोभिड-१९ को पिसिआर परीक्षण गर्नेमा छिमेकी मुलुकमा नेपालको दायरा बढी नै रहेको बताउनुभएको छ । बुधबार राष्ट्रियसभाका सांसदले सोध्नुभएको प्रश्नको जवाफ दिँदै उहाँले प्रति १० लाखमा पाँच हजार १४६ जनामा परीक्षण गरिएको बताउनुभयो ।



उहाँले भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र जापानजस्ता देशमा भन्दा नेपालमा परीक्षणको दायरा माथि रहेको बताउनुभयो । उहाँका अनुसार १० लाखमा भारतले चार हजार ४११, पाकिस्तानमा चार हजार ३०८, श्रीलङ्का चार हजार २०४ र जापानमा दुई हजार ७२४ जनामा परीक्षण गरिएको छ ।

मन्त्री ढकालले यही असार १५ गतेदेखि सातवटै प्रदेशमा ठूलो मेसिन ल्याएर दैनिक १० हजार परीक्षण गर्ने तयारीसमेत भइरहेको जानकारी दिनुभयो । नेपालमा हाल २२ प्रयोगशालाबाट पिसिआर परीक्षण भइरहेको छ । अहिलेसम्म एक लाख ४९ हजार ७७२ परीक्षण गरिएको छ । आज मात्र छ हजार ३७ जनामा परीक्षण गरिएको उहाँले जानकारी दिनुभयो ।

मन्त्री ढकालले कोभिड-१९ का सङ्क्रमित सबैलाई परीक्षण गरिने भन्दै कुनै एक परिवारका सबैमा सङ्क्रमण भए सबैको परीक्षण गरिने बताउनुभयो । उहाँले स्वास्थ्य सामग्री खरिदमा कुनै अनियमितता नभएकोसमेत बताउनुभयो ।

उहाँले कोभिड-१९ का लागि किनिएका स्वास्थ्य सामग्रीमा अनियमितता भए संसद्मा रहेको समिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गर्ने बताउनुभयो ।

मन्त्री ढकालले हिमोफेलिया रोगको चार महिनाका लागि औषधि मौज्दात राखिएकोसमेत बताउनुभयो । उहाँले लम्की चुहा नगरपालिका१ मा रहेको क्वारेन्टिनमा एक महिलामाथि भएको बलात्कारको घटनामा संलग्नलाई हदैसम्मको कारवाहीसमेत हुने बताउनुभयो ।

उहाँले कोभिड-१९ महामारीका रुपमा फैलिए अन्य मन्त्रालयबाट बजेट कटौती गरेर महामारी रोकथाम र नियन्त्रणमा खर्चिने बताउनुभयो । सरकारले आगामी आर्थिक वर्षमा केन्द्रमा ३०० र सातवटै प्रदेशमा ५० शय्याका सरुवा रोग अस्पताल बनाउने योजना रहेको उहाँको भनाइ थियो ।रासस

# यी हुन् नयाँ विद्युत् महसुल दरमा भएका मुख्य परिवर्तन

काठमाण्डु । विद्युत् नियमन आयोगले नयाँ विद्युत् महसुल दर प्रस्ताव गरेसँगै मासिक न्यूनतम १० युनिटसम्म खपत गर्ने ग्राहस्थ ग्राहकलाई इनर्जी शुल्क निःशुल्क भएको छ । दश युनिटभन्दा माथि खपत गर्ने ग्राहस्थ ग्राहकको विद्युत् महसुल अधिकतम १० प्रतिशतसम्म घटाइएको छ ।

डेडिकेटेड र ट्रङ्क लाइनको महशुल खारेज गरिएको छ । औद्योगिक, व्यापारिक र गैरव्यापारिक ग्राहकको करिब ६५ प्रतिशतसम्म महशुल कम हुनेछ । सामुदायिक खानेपानी र सिँचाइ वर्गका ग्राहकको डिमाण्ड शुल्क पूर्णरुपले हटाइएको छ भने सामुदायिक खानेपानी ग्राहकको इनर्जी शुल्क पाँच रुपैयाँ २० पैसाबाट चार रुपैयाँ २० कायम गरिएको छ । ११ केभीका सामुदायिक खानेपानी ग्राहकको महशुल रातिको समयमा तीन रुपैयाँ ४० पैसा कायम गरिएको छ । यसबाट औशत खानेपानी ग्राहकको महशुल ४० देखि ५० प्रतिशत कम हुने बताइएको छ ।

विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न चार्जिङ स्टेशनको महशुल अत्यन्त सस्तो कायम गरिएको छ । राति ९११ देखि बिहान ५ बजेसम्म०का लागि ११ केभीको इनर्जी शुल्क चार रुपैयाँ २० पैसा कायम गरिएको छ । यसबाट विद्युतीय सवारी साधनको प्रतिकिलोमिटर विद्युत् खर्च पेट्रोल गाडीको भन्दा १० गुणा कम हुनेछ । रासस

# सप्तरीमा लाग्यो नारा-खै १० अर्ब ?, कोरोनाले खायो ?

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा बुधबार सरकारबिरुद्ध प्रदर्शन भएको छ । सदरमुकाम राजविराजमा युवा तथा विद्यार्थीले प्रदर्शन गरेका छन् । उनीहरुले कोरोना महामारीका समयमा पनि सरकार आफ्नै धुनमा अनियमिततामा लागेको भन्दै प्लेकार्डसहित प्रदर्शन गरेका हुन् ।

बिभिन्न क्याम्पस तथा कलेजमा अध्ययनरत विद्यार्थीले बुधबार स्वतःस्फूर्त रुपमा प्रदर्शन गरेका हुन् । उनीहरुले बिभिन्न नारा लेखिएको प्लेकार्ड बोकेर प्रदर्शन गरेका हुन् ।




उनीहरुले 'कुखुरी काँ, १० अर्ब खा, खै १० अर्ब ?, कोरोनाले खायो ? खोई कोरोना अदुवा लसुनले पचायो' उल्लेख गरिएको प्लेकार्ड समेत बोकेका छन् ।

यस्तै, 'नयाँ नक्साका लागि धन्यवाद सरकार, अब बढाऔं पिसिआर, क्वारेन्टिन व्यवस्थित गर, सरकारको सरोकार, कार्पेट कि पिसिआर ?' सहितको नारा उल्लेख गरिएको प्लेकार्ड उनीहरुले बोकर प्रदर्शन गरेका छन् ।

स्थानीय राज रंगशालाबाट निकालिएको युवा, विद्यार्थीको प्लेकार्डसहितको जुलुस नगरको बिभिन्न भाग परिक्रमा गरिएको थियो ।

# स्वाब प्रयोगशालामा 'पेन्डिङ' भएपछि मेसिन र जनशक्ति थपिँदै

पोखरा । गण्डकी प्रदेशमा बुधबारसम्म कोभिड-१९ सङ्क्रमण परीक्षणका लागि लिइएको दुई हजार ३३४ वटा नमूना स्वाब प्रयोगशालामा पेन्डिङ रहेको छ ।

दैनिक ३०० हाराहारीमा प्रयोगशालाबाट नमूना परीक्षण हुँदै आएकामा पेन्डिङमा रहेको नमूना जाँच गर्न मात्र एक साता भन्दा बढी समय लाग्छ । भारतलगायत मुलुकबाट स्वदेश फर्किने बढेपछि जिल्ला/ जिल्लाबाट दिनहुँ स्वाब सङ्कलन भएर परीक्षणका लागि पोखरास्थित पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको प्रयोगशालामा आउनेक्रममा समेत वृद्धि भएको छ ।

पिसिआर विधिबाट कोभिड-१९ सङ्क्रमणको अवस्था जाच्नका लागि परीक्षण प्रोटोकलअनुसार सङ्कलित स्वाब प्रयोगशालामा लामो समय थन्किएपछि क्वारेन्टिन व्यवस्थापनमा जुटेका जनप्रतिनिधिसमेत हैरानीमा पर्ने गरेका छन् ।

क्वारेन्टिनमा बस्ने दिनहुँ थपिने तर परीक्षण नतिजा आउन ढिलाइ हुँदा क्वारेन्टिन व्यवस्थापनमा कठिनाइ भएको बताइन्छ । केही जिल्लाका स्थानीय तहले भने पोखराबाट परीक्षण नतिजा आउन ढिलाइ भएपछि आफ्नै लगानीमा पिसिआर मेसिन खरिद गर्ने तयारीसमेत थालेका छन् ।

सङ्कलित नमूना लामो समय प्रयोगशलामा थन्किने अवस्था अन्त्य गर्न गण्डकी प्रदेश सरकारले प्रयोगशालाको जनशक्ति, मेसिन र सिफ्ट वृद्धि गर्ने भएको छ । हाल दैनिक दुई वटा पिसिआर मेसिनबाट नमूना परीक्षण हुँदै आएकामा केही दिनभित्रमा नै थप अर्को मेसिनबाट समेत परीक्षण शुरु गर्ने तयारी गरिएको हो । सरकारले नयाँ मेसिन खरिद प्रक्रिया शुरु गरिसकेको छ ।

एक हप्ताभित्रमा हालको पेन्डिङ नमूना परीक्षण सकेर शुन्यमा झारिने



प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक एवं प्रदेशमा कोरोना भाइरस रोकथाम, व्यवस्थापन तथा नियन्त्रणका लागि गठन गरिएको उच्चस्तरीय निर्देशक समितिका प्रवक्ता डा विनोद विन्दु शर्माले बताउनुभयो । उहाँले भन्नुभयो, "जिल्लाबाट आउने नमूना बढिरहेकाले प्रयोगशालामा परीक्षण गर्नुपर्ने नमूना पेन्डिङमा रहनुपर्ने बाध्यता छ, शुरुआतमा दिनमा १०० देखी १५० सम्म परीक्षण गर्ने गरेकामा हाल दैनिक ३०० जाँच गर्ने गरेका छौँ, केहीदिनभित्र थप एक मेसिन सञ्चालनमा आएपछि दैनिक ६०० नमूना जाँच गर्दछौँ र मेसिन सञ्चालनमा आएको पाँच दिनपछि पेन्डिङ रहेका सबै नमूना शुन्यमा झार्छौँ ।

निर्देशक शर्माले परीक्षणको हालको मागलाई सम्बोधन गर्नका लागि प्रयोगशालामा काम गर्ने जनशक्ति, तालीम, मेसिन र सिफ्टसमेत वृद्धि गरिएको जानकारी दिनुभयो । हाल बिहान ६ बजेदेखि राति १ बजेसम्म प्रयोगशालामा काम भइरहेकामा प्रयोगशालालाई २४सै घण्टा सञ्चालन गर्ने गरी काम अघि बढाइएको निर्देशनालयले जनाएको छ ।

गण्डकी प्रदेशको प्रयोगशाला परीक्षणका सन्दर्भमा हेर्दा शुरुमा चार जनाले परीक्षण गर्ने गरिएकामा पछि प्रदेश सरकारले पिसिआर मेसिन थप गरेपछि आठ जनाको टिम बनाइयो, निर्देशक शर्माले भन्नुभयो, सिफ्ट बढाउन थप १२ जना कर्मचारी भर्ना गरिएको छ र सात जना जिल्लाबाट ल्याइएको छ, अब २४सै घण्टा प्रयोगशालाको सेवामा जाने गरी तयारी गरेका छौँ ।

पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको प्रयोगशालाबाट मात्र कोभिड-१९ जाँच गर्ने गरिएकामा यसै हप्तादेखि प्रदेश क्षयरोग केन्द्रबाट समेत कोरोनाको जाँच शुरु भएको छ । परीक्षणलाई थप व्यवस्थित गर्नका लागि भनेर अस्पतालमा रहेको एक मेसिनलाई केन्द्रमा स्थानान्तरण गरेर परीक्षण शुरु गरिएको छ ।

प्रयोगशालामा परीक्षण गर्ने तीन वटा टोलीलाई व्यवस्थितरुपमा लयमा ल्याउन एउटा टिमले म्यानेज गर्ने गरेको र तीन वटा टिमको कोअर्डिनेटर तोकिएको जनाइएको छ । प्रत्येक जिल्लाको स्थानीय तहमा पुगेर नमूना सङ्कलन गर्ने कार्यलाई व्यवस्थित गरिएको र स्वास्थ्यकर्मीको अभावमा स्वाब सङ्कलन रोकिनुपर्ने अवस्था नरहेको निर्देशनालयले जनाएको छ ।

शुरुआतमा नमूना सङ्कलनका लागि ११ वटा जिल्लाबाट दुई/ दुई जनाका दरले २२ जनालाई तालीम दिइएकामा हाल २०० भन्दा बढीलाई तालीम दिएर जिल्ला जिल्ला र पालिकामा पठाइएको बताइन्छ ।

गण्डकी प्रदेशमा हालसम्म २४७ जना कोरोनाबाट सङ्क्रमित छन् । जसमध्ये २२ जना उपचारपछि निको भएर घर फर्किएका छन् भने बाँकीको जिल्लास्थित विभिन्न अस्पतालमा उपचार भइरहेको छ । एक जनाको भने कोभिड-१९ का कारणले मृत्यु भएको छ ।

गम्भीर र जटिल अवस्थाका बिरामीको उपचारका लागि सम्बन्धित जिल्लामा नै सघन उपचार कक्षको व्यवस्था गरिएको जनाइएको छ । प्रदेश सरकारले ११ वटै जिल्लामा सघन उपचार कक्षको स्थापनाका लागि रु १४ करोड बजेट निकासा गरेको थियो । प्रत्येक जिल्लामा दुईदेखि पाँच श्ययाको सघन उपचार कक्षको स्थापनाको काम भइरहेको छ ।

निर्देशनालयले जिल्लास्थित अस्पतालमा श्ययाको सघन उपचार कक्षमा काम गर्ने प्रत्येक अस्पतालबाट पाँच जनाका दरले चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीलाई गत हप्ता क्रिटिकल केयर म्यानेजमेन्ट तालिम दिइएको र अस्पताल, स्वास्थ्य कार्यालय तथा क्वारेन्टिनलाई सहज बनाइएको प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रका निर्देशक नवराज शर्माले जानकारी दिनुभयो ।रासस

# वैकल्पिक विधिले ज्ञानमा रुपान्तरण : शिक्षामन्त्री

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले वैकल्पिक सिकाइ पद्धतिका कारण शिक्षा ज्ञान हस्तान्तरण मात्र नभई अब ज्ञान निर्माणको थलोमा समेत रुपान्तरण हुने बताउनुभएको छ ।

राष्ट्रियसभाको आजको बैठकमा विनियोजन विधेयक,



२०७७ माथिको छलफलमा जवाफ दिँदै मन्त्री पोखरेलले विद्यार्थी स्वाध्यानमा केन्द्रित हुँदै र घरपरिवारलाई नै लघु विद्यालयमा रुपान्तरण गरिँदा ज्ञान हस्तान्तरणसँगै ज्ञान निर्माणमा रुपान्तरण हुने भएको बताउनुभएको हो । उहाँले कोरोना महामारी र बन्दाबन्दीका कारण खुला तथा दूर र वैकल्पिक शिक्षा बाध्यतात्मक अवस्था भएकाले गत जेठ १८ गते जारी भएको वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका, २०७७ को कार्यान्वयनका क्रममा यही असार १ देखि खुला तथा दूर शिक्षा प्रारम्भ भएकाले कार्यान्वयनका लागि सबै प्रदेश र स्थानीय तहलाई आग्रह गर्नुभयो ।

हाल करिब तीन हजार सामुदायिक विद्यालयमा क्वारेन्टिन कायम रहेकाले पनि तत्काल पढाइ सञ्चालन गर्न नसकिने उहाँले स्पष्ट पार्नुभयो ।

मन्त्री पोखरेलले विद्यार्थीलाई सबै किसिमका प्रविधिको पहुँचभन्दा बाहिर रहेका, रेडियो तथा टेलिभिजन र सूचना सञ्चारमा पहुँच भएका जस्ता गरी छ प्रकारमा वर्गीकरण गरी ती सबैको सिकाइमा निरन्तरता हुने गरी निर्देशिका ल्याइएको छ भन्नुभयो ।

परिवेश अनुकूल कुनै पनि माध्यमबाट सिक्नसक्ने गरी सिकाइ निरन्तरताका लागि गरिएको आह्वानअनुसार अधिकांश स्थानीय तहमा कार्यक्रम अघि बढेको छ । यस कार्यक्रमलाई १५ दिनको समीक्षा गरी थप ढाँचाबारे निर्णयमा पुगिनेछ, उहाँले भन्नुभयो, "हालको विशिष्ट स्थितिलाई ध्यानमा राखी कक्षा १० र ११ को माध्यमिक शिक्षा परीक्षा (एसइई) को आन्तरिक मूल्याङ्कनको तयारी भइरहेको छ र स्थगित कक्षा १२ र उच्च शिक्षाका परीक्षाबारे उपयुक्त समयमा सञ्चालन गर्न विश्वविद्यालयहरुले गृहकार्य गरिरहेका छन् ।

मन्त्री पोखरेलले माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिन मन्त्रालय लागिरहेको र निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ कार्यान्वयनका लागि नियमावली ल्याउन लागिएको जानकारी दिँदै शिक्षामा बजेट पर्याप्त नभए पनि विषम स्थितिमा केही बजेट वृद्धि भएकामा सन्तोष व्यक्त गर्नुभयो ।रासस

# १८५ नपामा एकीकृत शहरी विकास योजना : मन्त्री नेम्वाङ

काठमाण्डु । शहरी विकासमन्त्री वसन्तकुमार नेम्वाङले १८५ नगरपालिकामा एकीकृत शहरी विकास योजना सञ्चालन गर्न लागिएको बताउनुभएको छ । राष्ट्रियसभाका सांसदहरुले आगामी आर्थिक वर्ष २०७७/७८ को बजेटमा शहरी विकास मन्त्रालयअन्तर्गत विनियोजित रकमका सम्बन्धमा उठाउनुभएका प्रश्नको बुधबार जवाफ दिनुहुँदै उहाँले बढ्दो शहरीकरणबाट सिर्जित चुनौतीको सामना गर्न राष्ट्रिय शहरी विकास रणनीति तयार पार्न लागिएको जानकारी दिनुभयो । एकीकृत शहरी पूर्वाधार विकास गुरुयोजनाको कार्यान्वयन गर्दै सुरक्षित र दिगो शहर निर्माण गर्न लागिएको छ ।

नवलपरासी पूर्व र रुकुमपूर्व जिल्ला सदरमुकामको पूर्वाधार निर्माण अघि बढाएको बताउँदै उहाँले मध्यपहाडी लोकमार्गले जोड्ने सुविधायुक्त नयाँ १० शहर निर्माण गर्न रु दुई अर्ब बजेट विनियोजन भएको छ र शहरी करिडोर आयोजनाअन्तर्गत हालसम्म शुरु गरिएका क्षेत्रको विस्तृत सम्भाव्यता अध्ययन गरी मेघासिटी निर्माण आरम्भ गरिने जानकारी दिनुभयो ।

नागरिकको सुरक्षित आवासको हक सुनिश्चित गर्न तीन वर्षभित्र सबै खर र फुसका छाना भएका घर प्रतिस्थापन गर्ने नीतिलाई पनि मन्त्रालयले प्राथमिकतामा राखेको उल्लेख गर्दै एवं सुदूरपश्चिम प्रदेशको शहरी पूर्वाधार विकासका लागि पनि कार्यक्रमको व्यवस्था गरिएको र साते प्रदेशका २९ शहरमा शहरी पूर्वाधार विकास कार्यक्रम सञ्चालन हुने उहाँले जानकारी दिनुभयो । सुदूरपश्चिम प्रदेशको

**राष्ट्रियसभाका सांसदहरुले आगामी आर्थिक वर्ष २०७७/७८ को बजेटमा शहरी विकास मन्त्रालयअन्तर्गत विनियोजित रकमका सम्बन्धमा उठाउनुभएका प्रश्नको बुधबार जवाफ दिनुहुँदै उहाँले बढ्दो शहरीकरणबाट सिर्जित चुनौतीको सामना गर्न राष्ट्रिय शहरी विकास रणनीति तयार पार्न लागिएको जानकारी दिनुभयो । एकीकृत शहरी पूर्वाधार विकास गुरुयोजनाको कार्यान्वयन गर्दै सुरक्षित र दिगो शहर निर्माण गर्न लागिएको छ ।**

मन्त्री नेम्वाङले आगामी वर्ष थप एक लाख सुरक्षित घर निर्माण गर्ने गरी रु तीन अर्ब ५० करोड बजेट विनियोजन भएको बताउनुभयो । उहाँका अनुसार शहरी पूर्वाधारको एकीकृत विकास गर्न सञ्चालित सघन शहरी विकास कार्यक्रम गर्न आगामी आर्थिक वर्षका लागि रु नौ अर्ब ६० करोड बजेट विनियोजन भएको छ । सङ्घीय संसद् भवन निर्माणलाई निरन्तरता केन्द्रमा नयाँ शहर विकास गर्ने कार्यक्रमसमेत रहेको मन्त्रालयले जनाएको छ । नगर विकास कोषलाई शहरी पूर्वाधार विकास निगमका रुपमा पुनःसंरचना गरी शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने पुँजी परिचालन गर्ने संस्थाका रुपमा विकास गर्न लागिएको उहँको भनाइ छ ।

सरकारी भवनको डिजाइन, क्षेत्रफल तथा लागतसम्बन्धी मापदण्ड तयार गरिने बताउँदै उहाँले ठूला र जटिल पूर्वाधार आयोजनाको प्राविधिक उपयुक्तता पुनरावलोकन गर्ने तथा भवन संहिता र भवन निर्माण मापदण्ड कार्यान्वयनको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाइएको पनि बताउनुभयो । ट्रान्स हिमालय ट्रेल निर्माणका लागि हिमाली क्षेत्रका पाँच वटा शहरी क्षेत्र छनोट गरिएको बताउँदै मन्त्री नेम्वाङले हुलाकी मार्गमा पनि नयाँ १५ वटा शहर बनाउने र २९ वटा नगरपालिकामा शहरी शासकीय सुधार कार्यक्रम कार्यक्रम सञ्चालन गरिने कार्यक्रम रहेको जानकारी दिनुभयो ।

शहरी विकास ऐनको मस्यौदा अन्तिम चरणमा पुगेकाले सम्भव भएसम्म चालू अधिवेशनमै पेश गर्ने तयारी भइरहेको मन्त्री नेम्वाङले जानकारी दिनुभयो । मन्त्रालयको इन्धनका लागि चालू आर्थिक वर्षमा रु दुई लाख राखिएकामा नपुगेर थप गर्नुपरेकाले यस वर्ष रु छ लाख विनियोजन गरिएको उहाँले स्पष्ट पार्नुभयो । इन्धनका सम्बन्धमा सांसद जीतेन्द्रनारायण देवले खर्च कटौतीको प्रस्ताव राख्नुभएको थियो । रासस

प्रदेश सरकार
प्रदेश नं. २
सामाजिक बिकाश मन्त्रालय
स्वास्थ्य निर्देशनालय
कलैया अस्पताल
कलैया, बारा

**सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिती २०७७।०३।०३

उपरोक्त सम्बन्धमा यस अस्पतालको लागि तपसिलमा उल्लेखित मालसामानहरु खरिद गर्नुपर्ने भएकोले यो सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित मितीले १५ दिन भित्र फर्म नविकरण पत्र, भ्याट दर्ता प्रमाण पत्र, २०७५।०७६ को कर चुक्ता प्रमाण पत्र तथा आवश्यक अन्य कागजातहरु पेश गरि नगदे रु १०००।- तिरी यस अस्पतालको आर्थिक प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ । १६ औं दिन दिनको १२:०० बजे भित्र दर्ता गरि सक्नु पर्नेछ र सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा नपर्ने ब्यहोरा सम्बन्धित सबेको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| कामको विवरण | लगत अनुमान भ्याट समेत | धरौटी रकम | केफियत |
|---|---|---|---|
| Oxygen Plant जडान | ४९,८३,०००।- | १,२५,०००।- | रा.वा.बेक बारामा रहेको प्रदेश कोष तथा लेखा नियन्त्रणको नाम रहेको धरौटी खाता नं. १२६०५०२०००००० र जिल्ला अस्पतालको कार्यालय कोड ३५०००२१०१२ मा रकम जम्मा गरेको सक्कले भोचर पेश गर्नु पर्ने छ । १२० दिन मान्य अवधिको बेक जमानत पत्र पेश गर्नु पर्ने छ । |



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# निषेध नगर

नेपाल सरकारले अंगीकृत नागरिकतालाइ कडाईगर्दै विदेशी महिलालाई बुहारी बन्न ७ वर्ष सम्म अनागरिकको रुपमा जीवन व्ययतित गर्नुपर्ने कानुन बनाउन थालेकोछ। अब नेपाली नागरिकसित बिबाह गर्ने विदेशी नागरिकलाई ७ वर्ष सम्म अंगीकृत नागरिकतापनि नदिने कानुन बनाउन प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिले प्रस्ताव गरेकोछ।समितिले नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिलालाई ७ वर्षपछिमात्र अंगीकृत नागरिकता दिने प्रस्तावमा छलफल चलाएकोछ।तर त्यसअघि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी स्थायी आवासीय अनुमति पत्र दिने प्रस्तावमा उल्लेख गरिएकोछ।विगतमा यो प्रस्तावमा सहमति जुटन सकेको थिएन्।अहिलेपनि समितिमा सहमति जुटेकोछैन्।सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का शीर्ष नेताहरुले यो प्रस्तावलाई समितिबाट पारित गराउन सभापतिलाई दवाव दिएका छन्।समितिमा बहुमत सत्तारुढ दलका सांसदहरुकै रहेकाले त्यो बहुमतबाट पास हुने पक्का जस्तो नै छ।समितिमा समाजवादी पार्टीका राजेन्द्र श्रेष्ठ, रामसहाय यादव, राष्ट्रिय जनता पार्टी (राजपा)का राजकिसोर यादव र राजेन्द्र महतो रहेका छन्।तर उनीहरु बैठकमा नै जादैनन्।अहिले नेपाल र भारतबीचको सम्बन्ध चिसिएको छ।नेपालले लिम्पियाधुरा, लिपुलेख र कालापानी समेतको नक्सा सार्वजनिक गरेपछि भारतको प्रतिकृया सकारात्मक छैन्।विदेशी नागरिकलाई नेपालमा ७ वर्ष सम्म बैबाहिक अंगीकृत नागरिकता नदिने कानुन बनेपछि यसको असर सर्वाधिक नेपालको तराई भूभागमा पर्नेछ।नेपाल र भारतबीच बेटी रोटीको सम्बन्ध छ।नेपाली महिलाको भारतमा र भारतीय महिलाको नेपालमा बिहाबारी हुनेगर्छ।यो संख्या सयमा नभै हजारौमा छ।हरेक वर्ष यस प्रकारको बिहाबारी हुन्छ।विदेशी भनिएपनि भारतीय महिलाहरु नै बढी नेपालमा बिहा गरिन्छ।देशमा रहेका मारवाडी समुदायका लागि भारतमा बिहा नगरे बेहुली पाउने मुश्किलछ।मारवाडी समुदायमा नेपालमा छोरीको चरम अभावछ।तर नेपालमा ७ वर्ष सम्म नागरिकता नपाउने भएपछि भारतीय पिताले आफ्नी छोरीलाई नेपालमा बिहा गर्न सहमत हुन सक्दैन्।७ वर्षमा सम्बन्ध विच्छेद भए, श्रीमान्‌को मृत्यु भए, श्रीमान्‌ले अर्को बिहे गरे के अधारमा दावी गर्ने, दावी गरिसकेपनि नागरिकता अभावमा अंश कसरी पाउने लगायतका कयौं समस्याहरु आउनेछन्। समितिको तर्फबाट पेश गरिएको प्रस्तावमा ७ वर्ष स्थायी रुपमा नेपालमा बसेको वडाको सिफारिस र अन्य मुलुकको नागरिकता वा राष्ट्रियता खुलेको कुनै प्रमाणपत्र लिएको भए त्याग गर्ने प्रक्रिया चलाएको वा नलिएको भए त्यसको प्रमाण पेश गरेपछि वैवाहिक अंगीकृत नागरिकता लिने प्रावधान राखिएकोछ।विदेशी नागरिकता परित्याग नगरि नेपाली नागरिकता त कुनै हालमा दिनु हुँदैन्।अहिले पाइरहेको नागरिकताको अधारपनि त्यही नै छ। समितिले वैवाहिक नागरिकता पाउनुअघिको अवधिका लागि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी स्थानीय आवासीय अनुमति दिने प्रस्ताव गरेकोछ।नेपाली नागरिक नभए सम्म अस्थायी रुपमा प्रयोग गरिने अधिकारलाई कार्यान्वियन गराउन समस्या हुने निश्चित छ।त्यसकारण निषेधको कानुन बनाइनु उपयुक्त होइन्।

# प्रदेश नं. २ आर्थिक बर्ष २०७७/७८ को बजेट समीक्षा



अनिल कुमार झा
एम. फिल (के. यु)
सहायक निर्देशक, नेपाल राष्ट्र बैंक


प्रदेश २ सरकारले मिति २०७७/०३/०१ मा प्रदेश सभामा आर्थिक बर्ष २०७७/७८ का लागि कुल रु. ३३ अर्ब ५६ करोड ९ लाख ८९ हजार बराबरको बजेट पेश गरेको छ। बजेटको आकार, प्रकार, विनियोजन तथा कार्यक्रम हेर्दा बजेट सन्तुलित देखिन्छ। बजेटले तय गरेको नीति तथा लक्ष्य साकारात्मक रहेको छ। चालु आर्थिक बर्षमा, कोभिड–१९ का कारण प्रदेशको अर्थतन्त्रमा असर पार्ने तथा आर्थिक वृद्धि खुम्चिने देखिन्छ। कोभिड–१९ को प्रभाव आगामी आर्थिक बर्षमा समेत रहने भएकोले, सानो आकारको बजेटको आवश्यक रहेको थियो। यस परिपेक्षमा बजेट ठिक रहेको छ। बजेट आकारको आधारमा ठिक देखिएपनि यसको वितरण तथा श्रोतको समेत समीक्षा गर्नुपर्ने हुन्छ। यस बजेटमा करिब ४६ प्रतिशत बजेट चालु खर्च तर्फ छुट्याईएको छ भने ५६ प्रतिशत पूँजीगत खर्चको लागि छुट्याईएको छ। चालु खर्च भन्दा पूँजीगत खर्चको अनुपात बढी देखिएकोले समेत राम्रो रहेको देखिन्छ।

विभिन्न शिर्षक अन्तरगत विनियोजनको समीक्षा गर्दा सबे भन्दा बढी करिब ५२ प्रतिशत बजेट सामान्य सर्वजनिक सेवा व्यवस्थापन अन्तरगत छुट्याईएको छ। सबै भन्दा कम १.११ प्रतिशत बजेट शिक्षा क्षेत्रको लागि छुट्याईएको छ। शिक्षा क्षेत्रमा सरकारको लगानी निकै कम देखिन्छ। प्रदेश २ को शिक्षाको अवस्था खस्केको, शिक्षित जनसंख्या निकै कमरहेको, विद्यालयहरुको भौत्तिक अवस्था कमजोर रहेको र विद्यार्थि शिक्षक अनुपात अन्य प्रदेशको तुलनामा निकै धेरै रहेको अवस्थामा विनियोजित बजेट निकै कम देखिन्छ। प्रदेशको पहिलो आवधिक योजनाले समेत प्रदेशको शैक्षिक स्तर राष्ट्रिय औसतभन्दा माथि पुर्याउने रहेकोमा विनियोजि बजेट अपुगहुने देखिन्छ। त्यतै, प्रदेश २ मा स्वस्थ्यको अवस्था समेत कमजोर रहेकोले प्राय जनतालाई उपचारको लगि काठमाण्डौ र भारतमा भर पर्नुपरेको छ। त्यसैले स्वास्थ्य क्षेत्रमा छुट्याईएको बजेट समेत कम देखिन्छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा करिब ४० प्रतिशत योगदान रहेको कृषि क्षेत्रको लागि छुट्याईएको बजेट समेत अपुग देखिन्छ। यसरी विभिन्न शिर्षक अन्तरगत विनियोजित बजेटको समीक्षा गर्दा शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा विनियोजित बजेट कम देखिएता पनि समग्रमा बजेट विनियोजन सन्तोष जनकनै देखिन्छ।

विभिन्न शिर्षक अन्तरगत विनियोजनको समीक्षा गर्दा शिक्षा र स्वास्थ्य क्षेत्रमा विनियोजित बजेट निकै कम देखिएता पनि समग्रमा बजेट विनियोजन सन्तोष जनक देखिन्छ।

बजेटको अर्को प्रमुख पाटो भनेको आयको श्रोत हो। आयको श्रोत हेर्नेहो भने अनुदानको हिस्सा करिब ४१ प्रतिशत रहेको छ। त्यस्तै, कर राजश्वका् हिस्सा करिब ३३ प्रतिशत र विविध प्राप्ती को करिब २१ प्रतिशत रहेको छ। कोभिड–१९ का कारण अर्थतन्त्रमा असर पारेको, आर्थिक गतिविधिहरु संकुचित भएको अवस्थामा कर बाट करिब ३३ प्रतिशत राजश्व उठाउनु निकै चुनौतिपूर्ण वृद्धि देखिन्छ। यस्तो अवस्थामा आर्थिक वृद्धिको लक्ष्य भेटन कठिन हुन सक्छ। आयको अर्को मुख्य श्रोतको रुपमा रहेको अनुदानको मुख्य श्रोत भनेको केन्द्र सरकारबाट प्राप्तहुने अनुदाननै देखिन्छ। केन्द्र सरकारकै राजश्वको लक्ष्य भेटन नसक्ने अवस्था भएमा प्रदेशमा समेत अनुदान प्रप्त गनृ कठिन हुनसक्छ। तर, चालु आर्थिक बर्षको आर्थिक वृद्धि खुम्चिने भएकोले अर्को आर्थिक बर्षमा आधार (बेस) कम हुने र लकडाउन खुकुलो भएर आर्थिक गतिविधिहरु बढने संकेत देखिएकोले बजेटका लक्ष्यहरु प्राप्त गर्न सकिन्छ भने प्रयाप्त आधार रहेको छ।

त्यसर्थ, यो बजेटको मुख्य चुनौति आर्थिक गतिविधि बढाउनु रहेको छ। सरकारले त्यसका लागि निजि क्षेत्रलाई प्रोत्साहन गर्नुका साथै सार्वजनिक ऋण उठाएर भएपनि आर्थिक गतिविधि तथा विकास निर्माणिका कार्यहरुलाई थप गतिशिल बनाउनुपर्ने हुन्छ। त्यतै प्रदेश २ को अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको आधुनिकिकरण गर्ने, उद्योग तथा कल कारखाना पूर्ण क्षमतामा सञ्चालन गर्ने, साना तथा मझौला व्यवसायको प्रवर्धन गर्ने, विकास निर्माणका कार्यहरु समयमै पुरागर्ने जस्ता कार्यले प्रदेशको आर्थतन्त्र चलायामान बनाउन सहयोग गर्छ। अतः प्रदेश सरकारले आगामी आर्थिक बर्षलाई सामान्य अवस्थाको रुपमा नलिई चुनौतिपूर्ण आर्थिक बर्षको रुपमा लिनुपर्छ। समग्रमा, प्रदेशको खर्च गर्ने क्षमता बढाउनु र असारे विकास लाई निरुतसाहन गर्नु सरकारको प्रमुख लक्ष्यको रुपमा हुनुपर्छ। यसका लागि आगामी आर्थिकको पहिलो दिन देखीनै सुरुआत गनुपर्छ।




| प्रदेश २ आ.व २०७७/७८ बजेट आय अनुमान | | |
|---|---|---|
| श्रोत | रकम (रु करोड) | प्रतिशत |
| कर | 1062.540 | 32.63 |
| अन्य राजश्व | 161.746 | 4.97 |
| विविध प्रप्ती | 691.223 | 21.23 |
| अनुदान | 1340.590 | 41.17 |
| कुल जम्मा | 3256.099 | 100.00 |

| प्रदेश २ आ.व २०७७/७८ बजेट व्यय अनुमान | | |
|---|---|---|
| क्षेत्र | रकम (रु करोड) | प्रतिशत |
| सामान्य सार्वजनिक सेवा | 1734.063 | 51.67 |
| सामान्य शान्ति सुरक्षा | 99.761 | 2.97 |
| आर्थिक मामिला | 1065.394 | 31.75 |
| आवास तथा सामुदायिक सुविधा | 80.990 | 2.41 |
| स्वास्थ्य | 180.286 | 5.37 |
| शिक्षा | 37.321 | 1.11 |
| सामाजिक सुरक्षा | 158.284 | 4.72 |
| कुल जम्मा | 3356.099 | 100.00 |

*विभिन्न शिर्षक अन्तरगत विनियोजनको समीक्षा गर्दा सबै भन्दा बढी करिब ५२ प्रतिशत बजेट सामान्य सर्वजनिक सेवा व्यवस्थापन अन्तरगत छुट्याईएको छ। सबै भन्दा कम १.११ प्रतिशत बजेट शिक्षा क्षेत्रको लागि छुट्याईएको छ। शिक्षा क्षेत्रमा सरकारको लगानी निकै कम देखिन्छ। प्रदेश २ को शिक्षाको अवस्था खस्केको, शिक्षित जनसंख्या निकै कमरहेको, विद्यालयहरुको भौत्तिक अवस्था कमजोर रहेको र विद्यार्थि शिक्षक अनुपात अन्य प्रदेशको तुलनामा निकै धेरै रहेको अवस्थामा विनियोजित बजेट निकै कम देखिन्छ।*

# मानवीय संकट, भ्रष्टाचार र राज्य शासन प्रणाली



अमरनाथ मण्डल

सम्पूर्ण विश्व नै अहिले कोरोना भाइरस तथा कोभिड-१९ को प्रकोपबाट त्रसित मनस्थितिमा गुज्रिरहेको बेला सम्पूर्ण विश्वको मानवजातीको स्वास्थ्य माथि गम्भिर खतराको संकट उत्पन्न भएको अवस्थामा विश्व नै लकडाउनको मनोदासाबाट गुर्जनुपर्ने बाध्यताको कारण विश्वको आर्थिक संकट पूर्ण रुपमा संकटमा परेका छन्। यसै सन्दर्भमा नेपाल पनि आर्थिक संकटको भुमरीमा फसेका अवस्थामा नेपाल जस्तो भुपरीवेष्ट देश विकासीय दृष्टिकोणमा पिछडिएको देशमा आर्थिक संकट चरम सिमा नाघेका वर्तमान परिस्थितिमा आर्थिक संकटको संकटमै परिस्थितिले गर्दा राज्यको शासन प्रणालीमा ठूलो अघात पुने विज्ञहरुको भनाई रहेको अवस्थामा राज्य शासन प्रणालीले शासन गर्ने नितिको सहि अख्तियार गर्न सकिरहेको छैन।

**मानवीय स्वास्थ्य संकट :**

अहिलेको परिस्थितिमा नेपालमा कोरोना भाइरसको प्रकोप दिन प्रति दिन बढिरहेको अवस्थामा भारतबाट आउने नेपालीहरुलाई क्वारेन्टाइनमा राख्ने व्यवस्था अनुरुप नेपालको क्वारेन्टाइनको अवस्था हेर्दा खेरी क्वारेन्टाइन मृत्युको शैया नै बनेको अवस्थामा मानिसहरु क्वारेन्टाइनमा रहन बाध्य बनेका छन् भने अवस्थिति क्वारेन्टाइन तथा राज्यको स्वास्थ्य नितिको आधारमा अवस्थिति आइसोलेसनको अवस्था हेर्दा खेरी अहिलेको अवस्थामा सरकारको तर्फबाट कोरोना भाइरस पिडित नेपाली नागरिकहरु पूर्ण रुपमा स्वास्थ्य लाभको जोखिममा परेका छन्। तसर्थ क्वारेन्टाइनको मापदण्ड अनुसार एक बेडमा एक जनालाई मात्र राख्ने मापदण्ड रहेको अवस्थामा कतिपय क्वारेन्टाइनहरुमा एक बेडमा २-३ जना बस्ने र सुत्ने गरेको तथा क्वारेन्टाइनहरुमा शौचालयको अवस्था दयनीय बन्दै गईरहेको लगायत खानेपानी, सरसफाई तथा स्वास्थ्य जाँचहरुको अवस्था भ्वाम संकटमा रहेको छ। क्वारेन्टाइनहरुमा संक्रमणहरुलाई पिसिआर गर्दा खेरी संक्रमित गरेकाहरु पिसिआरको रिपोट आउँदा खेरी समेत २-३ दिन सम्म त्यही क्वारेन्टाइनमा बस्ने अवस्थाको रहेको कारण संक्रमणको प्रकोप पिसिआर नेगेटिभ भएका सर्वसाधारणहरुको समेतलाई जोखिमबाट गुजर्न बाध्य भएका छन्।

पिसिआरको लागि लिएका स्वावहरु हप्तौ दिन देखि थन्केर राखिएको अवस्थामा एक दिनमा पिसिआर मेसिनहरुले ५० जना भन्दा बढी चेकजाँच गर्न नसकिरहको कारणले गर्दा क्वारेन्टाइनमा बसेकाहरुको २०-२५ दिनसम्म चेकजाँचबाट बञ्चित रहँदै आएको छ भने आरडिटि चेकहरु समेत किटहरुको अभावको कारणले गर्दा चेकजाँच हुन नसकेको कारणले गर्दा एक लाख भन्दा बढी नेपालीहरु अहिलेसम्म क्वारेन्टाइनमा बसेका छन्। सरकारी अस्पतालहरु लगायत अन्य ठाउँहरुमा आइसोलेसनको व्यवस्था गर्दा आइसोलेसनमा रहेका संक्रमण पिडितहरुको समयमा चेकजाँच तथा अन्य सुविधा र वातावरणको अभावले गर्दा संक्रमण भएका रोगीहरुको मनस्थितिमा भन् असर पुऱ्याएका छन्। दिनहुँ २००-४०० सम्म मानिसहरुमा संक्रमण भेटिएको अवस्थामा अहिले भारतबाट नेपालीहरु आउने क्रम अझै बढेर गएको अवस्थामा भोलीका दिनमा अझै विकराल हुने अवस्था सिर्जना हुन्छ।

त्यस्तै विदेशबाट नेपालीहरुलाई ल्याउने सरकारको अनुरुप कार्यहरु थालिएको अवस्थामा अवस्थित क्वारेन्टाइन र आइसोलेसनको कारण भन् संकट निम्त्याउने देखिन्छ। लकडाउन खुकुलो भएका कारणले गर्दा सर्वसाधारणहरुले सडक र पसल हाटहटियाहरुमा सरसमानहरु खरिद गर्न जाँदा सामाजिक दुरीको मापदण्ड लाइन अनुसरन गरिएको देखिएको छैन। साथै अधिकांशले मास्कको प्रयोग समेत नगरिएको अवस्थामा लुकीछिपी भारतबाट आउने मानिसहरुको बसाई उठाई समुदायमा व्यापक फैलिँदै गएको अवस्थामा भोलीका दिनमा समुदायमा समेत भाइरसको संक्रमण ठूलो रुपमा भ्यावह स्थिति सिर्जना गर्न बेर लाग्दैन।

**यस्तो बेलामा भ्रष्टाचार :**

अहिलेको वर्तमान परिस्थितिमा आर्थिक संकटको चपेटमा देश परिरहेको अवस्थामा भ्रष्टाचार गर्न भ्रष्टाचारीहरुको रजाई भेटिएको छ। देशमा शासन गर्ने शासन प्रणालीको भित्र रहेका सरकार तथा सरकारी निकाय देखि लिएर मन्त्री समेतको भ्रष्टाचारमा परेका घटनाहरु हाम्रो सामु विदिते छ। प्रेस खरिद प्रकरणमा मन्त्री समेतलाई राजीनामा दिनुपर्ने अवस्था केही दिन पहिले देखिएको थियो भने सरकारी स्तरबाट भाइरस नियन्त्रण तथा रोकथामको लागि ल्याउने चिनबाट औषधी सामग्रीहरु गुणस्तरहिन रहेको कारण कतिपय किटहरु फिर्ता गर्नुपर्ने हाम्रो सामु रहेको छ। त्यसपछि सेनालाई औषधी तथा सामाग्री खरिद गर्न दिएका जिम्मेवारीहरुको कारणले गर्दा पनि सरकार माथि विश्वासको स्थिति नरहेको विश्लेषकहरुको विश्लेषण रहेको छ। अहिले भर्खरै सरकारबाट कोरोना भाइरसमा १० अर्ब खर्च भएको सार्वजनिक गरेको सन्दर्भ लिएर नेपाली जनता तथा नेपाली बुद्धिजिवी वर्गहरुमा विश्वासको स्थिति सिर्जना हुन सकिरहेको छैन।

विदेशी ऋण दिन प्रति दिन देश माथि थुपर्दै गइरहेको अवस्था विदेशी ऋणको भार देशलाई खेप्नु परेको अवस्थामा देशको अर्थतन्त्र पूर्ण रुपमा निस्कृयको वातावरणमा पुने बेर लाग्दैन। त्यसैकारण आइतबार प्रतिनिधि सभामा संसदहरुले विदेशी ऋणलाई कम गर्नुपर्ने आफ्नो धारणा जोरदार रुपमा राखेका थिए भने देशको प्रमुख मेरुदण्डको रुपमा कृषि क्षेत्र रहेको अवस्थामा कृषि क्षेत्रतिर बजेटहरुलाई उन्मुख गरेको सरकारले भ्रष्टाचार रहित पार्दशी रुपमा कृषि बजेटहरुलाई सदुपयोग गर्नुपर्ने आम बुझाई रहेको छ। अहिलेको समय असार मसान्त रहेको अवस्थामा स्थानीय निकायहरुले असारमसान्तको बेला हतारमा उपभोक्ता समिति तथा कोटेशन मार्फत विकासीय कार्यहरु गराई रहेको सन्दर्भमा स्थानीय निकाय देखि प्रदेश सरकार समेतको बजेटहरु दुरुपयोग हुने प्रबल सम्भावना बढेर गएको छ।

स्थानीय निकायका जनप्रतिनिधिहरुले आफ्नो पार्टीको कार्यकर्ता लिएर आफ्नो भाइ भरेदारहरुलाई कमाईको धन्दा बनाउन आफ्नो मानिसलाई लुकीछिपी उपभोक्ता समिति बनाई लाखौंको बजेटलाई दुरुपयोग गरिरहेको सन्दर्भ लिएर अहिलेको वर्तमान परिस्थितिमा ध्व्ज्ञ ले स्थानीय निकाय कोरोना भाइरस नियन्त्रणमा प्रमुख भुमिका खेल्ने बताएका अवस्थामा स्थानीय निकायका जनप्रतिनिधि तथा प्रदेश सरकारका प्रतिनिधिहरु समेतको मनसायले विकासीय बजेटमा रकम खर्च गरिरहेको देखिएको छ। विकासीय बजेटबाट कमिशन आउने पिसिआर आउने रहेको अवस्थामा विकासीय बजेट तिर बढी स्थानीय जनप्रतिनिधिहरु उन्मुख भईरहेको छ। तसर्थ कोरोना भाइरसको नियन्त्रण र रोकथामको लागि स्थानीय निकाय देखि लिएर प्रदेश सरकारको विकासीय बजेटहरुलाई लगाउनु पर्ने अवस्थामा असार मसान्तको बेला विकासीय कार्यहरु माटो तथा ग्राइभल जस्तो कार्यहरुको कारणले गर्दा अधिकांश रकमहरु दुरुपयोग हुने बुझाई रहेको छ।

भ्रष्टाचार नियन्त्रण गर्ने निकाय अख्तियार दुरुपयोग अनुसंधान अयोग पनि सक्रियता नदेखाएको कारणले गर्दा तथा राज्य संचालन गर्ने सरकारी षड्यन्त्र समेत भ्रष्टाचार नियन्त्रणतिर सक्रियता नदेखाएको कारणले गर्दा यस्तो विषम परिस्थितिमा पनि भ्रष्टाचार भन् बढ्दै गईरहेको अवस्था देशको अर्थतन्त्रलाई सक्रियताको साथ चलाउनको लागि भ्रष्टाचारलाई नियन्त्रण गर्नुपर्ने अवस्था देखिन्छ। अहिले भर्खरै विदेशबाट नेपाल आउने कामदारहरुको समेत हवाईयात्राको भाडादर चर्को रहेको अवस्थामा विरोध भएपछि सरकारी पक्षले वस्तुभाउको मोलमोलाई जस्तो प्रतिदिन भाडा दर कम गर्दै आईरहेको र चर्को भाडा दरको कारणले गर्दा विदेशका नेपालीहरु नेपाल आउने आर्थिक खर्च बढी व्यहोर्नुपर्ने अवस्थाले झन् पिडित बनेका छन्। जसको कारण विदेशबाट नेपाली विदेशी कामदारहरु आउने क्रममा कमि हुने अनुमान गरिरहेका छन्। भाडा दरमा समेत भ्रष्टाचारको परिवेश लाधिएको अनुमान गरिरहेको अवस्थामा सरकारी निकायहरुबाट यसको अनुगमन हुनुपर्ने अवस्था देखिन्छ।

**राज्य शासन प्रणालीको निति :**

देशमा एकातिर कोरोनाको प्रकोप दिनप्रतिदिन बढिरहेको अवस्थामा अर्कोतिर आर्थिक संकटले गर्दा दिनप्रतिदिन वस्तुभाउहरुको मुल्य वृद्धि भईरहेको छ। अर्कोतिर जिम्मेवार निकायहरुले अधिकांश भ्रष्टाचारमा लिप्त देखिएको छ। उतातिर नक्सा प्रकरणले छिमेकी मुलुक भारतसँगको दिनप्रतिदिन सम्बन्ध बिग्रिरहेको छ। लकडाउनको कारण रोजगारी गरी खाने सर्वसाधारणहरुको रोजगार नपाई वियोगको स्थितिमा गुर्जन बाध्य भएका छन्। ग्रामिण स्तरमा आर्थिक स्थिति कमजोर भएका तथा दिनहुँ रोजगारमा रहेका सर्वसाधारणहरुले रोजगारी नपाई खान बस्न समेत धौ-धौ परिरहेका छन्। यस्तो अवस्थामा सरकारी पक्षबाट कोरोना भाइरसको नियन्त्रण तथा रोकथामको लागि प्रयाप्त किटहरुको व्यवस्था मिलाई पिसिआर टेष्टको दायरालाई फराकिलो बनाई वृहत चेकजाँचको अवस्था देखिन्छ। क्वारेन्टाइनमा रहेका नेपाली जनताहरुलाई व्यवस्थित ढंगले व्यवस्थापन गरी समय समयमा चेकजाँचको व्यवस्था मिलाई स्वास्थ्य सुविधा देखि लिएर खानेबस्ने व्यवस्था समेतको व्यवस्था मिलाउनुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ। प्रर्याप्ति रुपमा आईसोलेसनको व्यवस्थालाई वृहत बनाउनुपर्छ। आईसोलेसनमा रहेका संक्रमण रोगीहरुलाई पाउने सुविधाहरुको व्यवस्था मिलाउनुपर्छ।

राज्यबाट अहिलेको परिस्थितिमा भ्रष्टाचार गर्ने जुनसुकै व्यक्ति निकाय तथा सरकारमा रहेका पदाधिकारीहरु समेतलाई कानुनी दायरा भित्र ल्याई कारवाहीको प्रक्रियालाई बलियो बनाउनुपर्छ। भ्रष्टाचार नहुनदिन असार मसान्तको बेला स्थानीय निकायहरुबाट भईरहेको विकासीय कार्यहरुको अनुगमन र निरीक्षण गर्नुपर्ने देखिन्छ। भ्रष्टाचार गरेका व्यक्तिहरुलाई राज्यबाट कडा रुपमा कानुनी प्रावधान मिलाई कारवाही गर्नुपर्छ। तब मात्र राज्यमा सुशासनको अनुभुति पलाएर जान्छ। नत्र राज्य प्रणालीलाई तहसनहस पुऱ्याउने कोरोना भाइरस भन्दा बढी खतरनाक रोगको रुपमा भ्रष्टाचार देखिएको अवस्था छ।

आर्थिक क्षेत्रलाई बलियो बनाउनको लागि आफ्नै देशमा रहेका व्यापारी क्षेत्रहरुलाई सबल बनाउनुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ। देशमा रहेका उद्योग व्यापारीहरुलाई राज्य पक्षबाट प्रोत्साहन गर्नुपर्ने नितीहरुको अंगीकार गर्नुपर्छ। नेपाल भित्र व्यवसायिकहरुलाई व्यवसाय गर्न सहुलियत दरको रुपमा ऋणको उपलब्ध गराउनुपर्छ। लकडाउनको बेला व्यापार व्यवसायिकहरु बन्द रहेको अवस्थामा व्यवसायिकहरुलाई मनोबल बढाउनको लागि ब्याजको दरमा छुट दिनुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ। स्वदेशमा व्यवसायिक प्रवृतिलाई अगाडी बढाउनको लागि कृषि क्षेत्रलाई अझै व्यवस्थित बनाउनुपर्छ। कृषि क्षेत्रमा कृषकहरुलाई सहुलियत दरमा मलखाद तथा ऋणको व्यवस्था गर्नुपर्छ। कृषकको सिचाईहरुको लागि सिचाई प्रणालीहरुलाई व्यवस्थित तुल्याउनुपर्छ। यी सबै आवत समस्याहरु संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले नैतिकतापूर्वक आफ्नो जिम्मेवारी बुझी अहिलेको वर्तमान परिस्थितिमा देशको हरेक सन्दर्भ हेरी सक्रियताको साथ यावत समस्याहरु माथि ध्यान दिनुपर्ने आवश्यक देखिएको छ। नत्र भोलीका दिनमा देश विकराल स्थितिबाट गुर्जन बाध्य हुन्छ।

# मुलुकभर फोरजीको सेवा पुग्ने गरी काम भइरहेको छ - मन्त्री खतिवडा

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले आगामी आर्थिक वर्षभित्रै मुलुकभर नै दूरसञ्चारको फोरजीको सेवा पुग्ने गरी काम गरिरहेको जानकारी दिनुभएको छ।

विनियोजन विधेयक, २०७७ अन्तर्गत सञ्चार तथा सूचना प्रविधिमन्त्रालयका विभिन्न शीर्षकमाथि राष्ट्रियसभाको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले कर्णाली र सुदूरपश्चिम प्रदेशलगायतका जिल्लामा फोरजीसेवा विस्तारका लागि सर्वेक्षणको काम भइरहेको बताउनुभयो।



मन्त्री खतिवडाले भन्नुभयो, “लकडाउनका कारणले टावर निर्माण र मर्मत केही ढिलाइ भए पनि फोरजी सेवा मुलुकभर चल्ने छ। मुलुकका सबै क्षेत्रमा दुई वर्षभित्र ईन्टरनेट सेवा पुग्ने गरी सरकारले फोरजीको काम अघि बढाइरहेको छ। सेटेलाइट विस्तारका लागि पाएको अधिकार प्रयोग गर्ने सन्दर्भमा कुन विधिबाट ल्याउने भन्नेमा बहस गर्न सकिने भए पनि नेपालको आफ्नै सेटेलाइट हुनुपर्छ भन्नेमा कुनै विवाद नरहेको बताउँदै उहाँले भन्नुभयो, “सेटेलाइट सम्बन्धी सबै कुरा पारदर्शी र प्रतिस्पर्धाका आधारमा हुनेछ । यसको प्रारम्भिक काम मात्रै आगामी आर्थिक वर्षमा प्रारम्भ गरिन लागिएको हो।

विज्ञापन अब छापाको माध्यमबाट मात्र होइन, अन्य माध्यमबाट पनि दिन सकिन्छ भन्ने व्यवस्था गरिएको बताउँदै अर्थमन्त्री खतिवडाले विज्ञापन बोर्ड गठन भइसकेपछि विधिसम्मत् ढङ्गाले लोककल्याणकारी विज्ञापन उपलब्ध हुनेछ भन्नुभयो। उहाँले भन्नुभयो “बोर्ड गठनपछि कुनै व्यक्ति विशेषलाई विज्ञापन दिने स्थिति हुँदैन, विज्ञापन बोर्ड अब छिट्टै गठन हुनेछ।

कसलाई दिने, कसलाई नदिने, कुन विधिबाट दिने, निश्चित मापदण्ड र वस्तुवादी ढङ्गाबाट पारदर्शी ढङ्गाले बोर्डले काम गर्नेछ।”

विगतका तुलनामा सञ्चार माध्यमलाई यस पटकको बजेटले धेरै सम्बोधन गरेको बताउँदै मन्त्री खतिवडालेभन्नुभयो “सञ्चारगृहका लागि कारोवारका आधारमा लाग्ने शुल्कमा ५० प्रतिशतले घटाइएको छ, दर्ता नवीकरण गर्ने समय बढाइएको छ, सबै किसिमका बैङ्किङ प्रणाली ऋण लिएर सञ्चार गृह सञ्चालन गरिएको छ भने ब्याज र ऋणको ब्याज बुझाउने समयसीमा धकेल्ने स्किम सञ्चार क्षेत्रलाई पनि छ।”

रेडियो नेपाल र टेलिभिजनलाई स्वायत्त र सक्षम सार्वजनिक सञ्चारमाध्यमको रूपमा विकास गर्न सार्वजनिक सेवा प्रसारण अन्तर्गत सञ्चालनका लागि आवश्यक कानूनी व्यवस्था अघि बढाइ सकिएको उहाँले जानकारी दिनुभयो । कोरोनाको बीमा र पत्रकार दुर्घटना बीमालगायत धेरै कुरामा बजेटले सञ्चार क्षेत्रलाई समेटिएको बताउँदै अर्थमन्त्रीले भन्नुभयो, “पहिलेको तुलनामा सञ्चार माध्यमलाई थप सुविधा दिइएको छ, यो राहतकै पाटो हो।”

यसअघि विनियोजन विधेयक, २०७७ अन्तर्गत अर्थमन्त्रालयका विभिन्न शीर्षकमाथि राष्ट्रियसभाको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री खतिवडाले स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत रकम वितरण भन्दा पनि विकासमा सङ्घीय सांसदको सहभागिता रहोस् भनेर बजेट विनियोजन गरिएको स्पष्ट पार्नुभयो।

उहाँले अहिले सरकार इ-कमर्श र इ-व्यापारका लागि डिजिटल इकोनोमितर्फ काम गरिरहेको जानकारी दिनुभयो । अर्थमन्त्रीसँग सांसदहरू अनिता देवकोटा, जीतेन्द्रनारायण देव, रमेशजङ्ग रायमाझी र प्रकाश पन्थले पुरक प्रश्न सोध्नुभएको थियो।रासस

# युवा सङ्घको केन्द्रीय विभाग र आयोगको एकता टुङ्गियो

काठमाण्डु। राष्ट्रिय युवा सङ्घ, नेपालले केन्द्रीय विभाग र आयोगको एकता टुङ्ग्याएको छ। युवा सङ्घको एकता गर्न गठित कार्यदलले दिएको सुझाव अनुसार विभाग र आयोगको एकता सम्बन्धी काम टुङ्ग्याइएको हो। युवा सङ्घका सहसंयोजक रमेश पौडेलले ३१ विभागमा १६ विभाग तत्कालीन युवा सङ्घ र १५ विभाग तत्कालीन योङ्ग कम्युनिष्ट लिग (वाइसिएल)को भागमा परेको छ।

उहाँका अनुसार तत्कालीन युवा सङ्घलाई सङ्गठन, महिला, आर्थिक, प्रकाशन, योजना तथा अनुसन्धान, कृषि, विज्ञान तथा प्रविधि, खेलकूद, पेशागत, वित्त तथा सार्वजनिक, स्वास्थ्य, सामाजिक सेवा र प्रकृति प्रकोप तथा विपद् व्यवस्थापन, प्राकृति स्रोतसाधन, न्याय तथा कानून र इभेन्ट म्यानेजमेन्ट विभाग परेको छ।

यस्तै वाइसिएललाई कार्यालय, प्रशिक्षण, विदेश, प्रचार, विकास निर्माण, उत्पादन तथा समृद्धि निर्माण, सहकारी, शिक्षा, श्रम तथा रोजगार, पर्यटन, उद्योग विभाग रहेका छन्। यस्तै घाइते, अपाङ्ग तथा योद्धा विभाग, कला संस्कृति तथा स्वमयसेवक, वन तथा वातावरण र मानवअधिकार विभाग रहेको छ।रासस

# पीसिआर परीक्षण बढाउन माग

काठमाण्डु । सांसदहरूले कोभिड-१९ को सङ्क्रमणको जोखिमका सन्दर्भमा कैलालीको क्वारेन्टाइनमा रहेकी महिलामाथि बलात्कारमा संलग्न व्यक्तिलाई कारवाही गर्न र पीसिआर परीक्षण बढाउन सदनमार्फत् सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

राष्ट्रियसभाको आजको शून्य समयमा भाग लिँदै नेकपाका शारदादेवी भट्टले सिङ्गो समाज कोरोनामा जुधिरहेका बेला बलात्कारमा संलग्न व्यक्तिलाई कानूनी दायरामा ल्याएर कडा सजाय दिलाउन सरकारलाई सुझाव दिनुभयो। उहाँले भन्नुभयो, “बलात्कारलगायतका घटनामा संलग्न व्यक्ति कोरोना भन्दा ठूला भाइरस भएकाले दोषीलाई कडा कारवाही होस्।

सोही दलकी विमला पौडेलले कोभिड -१९ को सङ्क्रमणसँगै महिला र बालबालिका विभिन्न समस्यामा परेकाले सरकारलाई यसतर्फ विशेष चनाखो हुन सुझाव दिनुभयो । नेकपाके शेरबहादुर कुँवरले भारतका विभिन्न स्थानमा पेशा व्यवसायमा संलग्न रहेकामध्ये रोजगारी गुमाएर घर फर्केकामध्ये सुदूरपश्चिमका क्वारेन्टाइनमा ७० हजारदेखि ९० हजारसम्म बस्दै आएकाले उनीहरूको पीसिआर परीक्षण गर्न ढिलाइ भएकाले परीक्षण केन्द्र विस्तार गर्न तथा बलात्कारको घटनामा संलग्नलाई कारवाही गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

सोही पार्टीके रामनारायण विडारीले विदेशमा कोभिड-१९ का कारण अलपत्र परेका नागरिकलाई तत्काल स्वदेश ल्याउने व्यवस्था गर्न सरकारलाई सुझाव दिनुभयो। उहाँले भन्नुभयो, “विदेशमा गएकाहरू अहिले रोग र भोकले समस्यमा परेका छन्, अहिले सङ्कटमा परेका पैसा नभएका त्यस्ता नागरिकलाई यहाँ ल्याउने व्यवस्था होस्।”

नेकपाके सुमित्रा विसीले जाजरकोटको चुदिचाँदीमा भएको जीप दुर्घटनाका घाइतेको उपचार व्यवस्था मिलाउन तथा महिलाहिंसाका घटनामा संलग्नलाई कानूनी कठघरामा उभ्याउन सरकारसँग आग्रह गर्नुभयो।

सोही दलका विमला घिमिरेले केही समयअघि श्रीमान् गुमाएकी हेटौँडा सूर्यचोकको सुस्मितालाई मारिएको घटनाको गम्भीर छानबिनसहित दोषीलाई पक्राउ गरी कारवाहीको दायरामा ल्याउन सुझाव दिनुभयो।

नेकपाके सुमनराज ब्याकुरेलले धनुषाको सदा परिवारमा भएको मृत्युको घटनाको छानबिनका लागि माग गर्नुभयो।

नेपाली काँग्रेसका रमेशजङ्ग रायमाझीले सरकारले झापाको मङ्गलबारे अस्पतालाई मदनभण्डारी अस्पताल नामाकरण गर्न खोजेका कारण जनताको विरोध भएकाले पुरानै नाम कायम गरियोस् भन्नुभयो।रासस

# ‘मेलम्चीको पानी परीक्षणको काम असारमै हुने’

काठमाण्डु । खानेपानीमन्त्री बीना मगरले मेलम्चीको पानी परीक्षणको काम असारमै हुने बताउनुभएको छ।



राष्ट्रियसभाको आज बसेको बैठकमा सांसदहरूको प्रश्नको उत्तर दिँदै उहाँले असारमा परीक्षण सकिएपछि पानी काठमाडौं झारिने बताउनुभयो । उहाँले पानीको वितरणका लागि आवश्यक व्यवस्थापनको काम आयोजना कार्यान्वियन निर्देशनालयले गरिरहेको जानकारी गराउनुभयो । पानीको वितरण काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले नै गर्ने उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, “पानी घरघरमा पुग्ने कुरामा शङ्का गर्नुपर्ने अवस्था छैन।”

सो आयोजना समयमा सम्पन्न नहुँदा काठमाडौँवासी मात्रै नभएर सबै नेपाली निरास बनाएको उहाँको भनाइ थियो । आयोजना सञ्चालनका क्रममा थुप्रै प्रतिबद्धता जाहेर भए पनि विगतमा अन्योल र निरासा देखिएको उहाँको भनाइ थियो । आयोजना निर्माण भइरहँदा कहिले भूकम्प त कहिले ठेक्का तोड्नुपर्ने अवस्था र निर्माण मजदूरको आन्दोलन लगायतका समस्या आएको मन्त्री मगरले बताउनुभयो। अहिले विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को प्रकोपबीच पनि पहिलो चरणको आधारभूत काम सम्पन्न हुने क्रममा रहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “सबै चुनौती भए पनि आगामी आवको शुरुमा पानी वितरण गरिनेछ, त्यो दिन सबै नेपालीको गौरवको दिन हुनेछ।”

मन्त्रालयलाई भर्खर मात्रै क्वारेन्टिनमा खानेपानी र शौचालय, सरसफाइ निर्माणको जिम्मेवारी आएकाले त्यो कार्यान्वियनमा लागेको मन्त्री मगरले बताउनुभयो । अहिले आवश्यकतानुसार छिटोभन्दा छिटो कार्यान्वियन गर्न मन्त्रालय अघि बढ्ने उहाँको भनाइ छ।

खानेपानी तथा सरसफाइ विधेयक सदनमा छलफलका क्रममा रहेको र यसै अधिवेशनबाट पारित हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । उहाँले सरकारले तय गरेको १५औं योजनामा सबैमा खानेपानी पुग्ने लक्ष्य लिइएकामा आगामी आवको अन्त्यसम्म ९४ प्रतिशत आधारभूत खानेपानी पुऱ्याउने र ३२ प्रतिशतमा मध्यम तथा उच्चस्तरको स्तरको खानेपानी पुऱ्याउने गरी बजेट विनियोजन गरी सोही अनुसार कार्यक्रम कार्यान्वियन हुने बताउनुभयो।

मन्त्री मगरले सबै घरधुरीमा शौचालय पुगेर नेपाल खुला दिसामुक्त राष्ट्र घोषणा भइसकेकाले अहिले यसको निरन्तरता स्थानीय तहले दिइरहेको बताउनुभयो।रासस

# क्वारेन्टिन र होल्डिङ सेन्टरका लागि रकम

काठमाण्डु। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले क्वारेन्टिन र होल्डिङ सेन्टरका लागि स्थानीय तहलाई रकम निकासा गरेको छ। मन्त्रालयले कोरोना सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थानीय तहले स्थापना तथा व्यवस्थापन गरी सञ्चालनमा रहेका क्वारेन्टिन र होल्डिङ सेन्टरका लागि रकम निकास गरेको हो।

मन्त्रालयले १७६ स्थानीय तह र स्थलमार्गबाट आउने नाका अन्तर्गतका २० वटा स्थानीय तहमा बन्ने होल्डिङ सेन्टरका लागि रकम निकासा गरिएको मन्त्रालयका प्रवक्ता वसन्त अधिकारले जानकारी दिनुभयो। उहाँका अनुसार क्वारेन्टिनका लागि १७६ स्थानीय तहलाई रु १३ करोड २२ लाख ५६ हजार ८२५ र २० वटा होल्डिङ सेन्टरका लागि रु दुई करोड ७७ लाख २३ हजार निकासा गरिएको छ।

यसरी निकासा गरिएको रकम स्थानीय तहले क्वारेन्टिनमा बसेका व्यक्तिको बसोवास, बन्दोबस्त र खानपिनको व्यवस्था गर्न र आवश्कता अनुसार स्वास्थ्य परीक्षण गर्नका लागि खर्च गर्ने छन्। प्रवक्ता अधिकारीले कोभिड व्यवस्थापन सूचना प्रणालीमा पठाएको विवरण अनुसार १७६ स्थानीय तहलाई रकम पठाइएको बताउनुभयो। भारतबाट स्थलमार्ग हुँदै २० वटा नाकाबाट नेपाल प्रवेश गरेका व्यक्तिलाई राख्न होल्डिङ सेन्टर स्थापनाका लागि उक्त रकम पठाइएको हो।रासस

# ‘राष्ट्रिय गौरवका आयोजना समयमै सम्पन्न हुने’

काठमाण्डु। भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङले कोरोना प्रभावका कारण मन्त्रालयको बजेट कटौती भए पनि थप रकम माग गरेर पनि राष्ट्रिय गौरवका आयोजना समयमै सम्पन्न हुने बताउनुभएको छ।



राष्ट्रियसभाको बुधबारको बैठकमा सांसदहरूको प्रश्नको जवाफ दिँदै मन्त्री नेम्वाङले ठूला राष्ट्रिय गौरवका आयोजना विसं २०७९/८० सम्ममा सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो । हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, मध्यपहाडी लोकमार्ग, फास्ट ट्र्याक लगायतका सडक आयोजनालाई सरकारले महत्व दिएर बजेट विनियोजन गरेको उहाँको भनाइ थियो । सडकको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कस्ता आयोजना आवश्यक छ भनी पहिचान गरिएको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, “सडकका नयाँनयाँ क्षेत्रका पहिचान गरेर बजेट विनियोजन गरिएको छ।”

त्यस्तै, मन्त्रालयले त्रिदेशीय महत्व राख्ने ‘रोड कनेक्टिभिटी’ लाई पनि अघि बढाउने लक्ष्य लिएको मन्त्री नेम्वाङले बताउनुभयो । विगतमा निर्माण शुरु भएका ठूला सडकलाई आवश्यक रकम विनियोजन गरेर अघि बढाइएको र भौतिक पूर्वाधारको नयाँ क्षेत्र पहिचान गर्दै सुरुङमार्गको निर्माण थालिएको उहाँले बताउनुभयो । उहाँका अनुसार मन्त्रालयले अहिले नागढुङ्गा, सिद्धबाबालगायत नौ सुरुङ मार्गको निर्माण, सम्भाव्यता अध्ययन पहिचान, डिपिआरका लागि बजेट विनियोजन गरेको छ। सरकारले पूर्व-पश्चिम राजमार्ग कांकडभिट्टादेखि गड्डाचौकी कम्तीमा चार लेन स्तरोन्नति निर्माण शुरु गरिसकेको उहाँले जानकारी दिनुभयो। यसका लागि लगानी सुनिश्चित गरेर निर्माण थालिएको बताइएको छ।

यातायातको नयाँ क्षेत्रका रूपमा रेल आयोजना सञ्चालन शुरु गरिएको पनि मन्त्री नेम्वाङले बताउनुभयो । विद्युतीय रेलमार्ग यो मुलुकमा अपरिहार्य छ भनेर कांकडभिट्टा-गड्डाचौकी निर्माण शुरु गरिएको उहाँले बताउनुभयो। छिमेकी मुलुक चीन र भारतसँगको समन्वयमा काठमाडौं-रक्सौल र केरुङ-काठमाडौं रेलमार्ग अघि बढेको उहाँले बताउनुभयो।

जयनगर-जनकपुर निर्माण अघि बढाएकोसमेत उहाँले जानकारी दिनुभयो । आगामी आवमा झण्डा फहराएर जयनगर जनकपुर रेल सञ्चालन गर्ने कार्यक्रम साथ अघि बढेको मन्त्री नेम्वाङले बताउनुभयो।

गत आवमा कांकडभिट्टादेखि बुटवालसम्म पहिलो खण्ड विद्यतुतीय रेलमार्ग निर्माण अघि बढाइएको र यो आर्थिक वर्ष पनि कांकडभिट्टादेखि इनरुवासम्म रेलमार्ग निर्माणको काम थालनी गर्ने उहाँले सो अवसरमा जानकारी दिनुभयो । मन्त्री नेम्वाङले भन्नुभयो, “त्यसका लागि कार्यक्रमसहित उपयुक्त बजेट विनियोजन गरिएको छ।”

कतिपय सांसदले मन्त्रालयले बजेट कम भएको भन्ने जिज्ञासामा उहाँले कोरोनाको कारण समग्र बजेट कम भए पनि कार्यक्रम राख्दा विगतदेखि जारी आयोजनलाई निरन्तरता दिने प्रयास गरिएको बताउनुभयो । विगतदेखि जारी कतिपय साना आयोजनालाई चालू आवमा पनि जारी राखिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “ती आयोजनाले प्रदेश र स्थानीय तहको पनि अघि सारेको विकासलाई सहयोग पुग्छ भन्ने विश्वास गरिएको छ।”

महाकाली करिडोर टिङ्करसम्म सम्पन्न गर्नका लागि विगत वर्षभन्दा एक पैसा पनि कम नगरिएको मन्त्री नेम्वाङको भनाइ थियो। सो सडकमा ट्र्याक खोल्ने काम नेपाली सेनालाई जिम्मा दिइएको छ । विगतमा ट्र्याक खोलिएकामा सडकको स्तरोन्नति थालिएको छ।

त्यस्तै, मन्त्रालयले कर्णाली प्रदेशका डोल्पाको दुनै र हुम्लाको सिमीकोट सम्पन्न गर्नुपर्छ भन्ने लक्ष्य लिएको छ। यो सडकलाई कोरोनाले असर गरेकाले आगामी वर्ष बाँकी एक जिल्लामा सडक पुऱ्याइने उहाँले बताउनुभयो।

मन्त्री नेम्वाङले क्षेत्रीय भौगोलिक समानुपातिक रूपमा आयोजना राखिनुपर्ने कुरालाई ध्यान दिएर विगत वर्षमा छुटेको तराई मधेश सडक पूर्वाधार कार्यक्रमलाई आगामी आवमा समावेश गरिएको बताउनुभयो । यो आवबाट १६५ निर्वाचन क्षेत्रमा नै निर्वाचन क्षेत्र सडक निर्माण कार्यक्रम सञ्चालन हुनेछ । एउटा निर्वाचन क्षेत्रबाट अर्को क्षेत्र र एउटा जिल्लाबाट अर्को जिल्ला जोड्ने गरी रणनीतिक सडक निर्माणलाई अघि बढाइएको छ । निर्वाचन क्षेत्र रणनीतिक सडकका लागि तीन अर्ब २० करोड विनियोजन गरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “यी सडकले त्यहाँको कृषि उपज, उत्पादन, उद्योगलगायत धेरै क्षेत्र समेट्छ।”

अहिले देशभर एक हजार पाँच सय पुल निर्माणाधीन रहेकामा तिनको निर्माण एकै वर्षमा सम्पन्न गर्न नसकिने उहाँले बताउनुभयो । कतिपय सांसदले सडक पुलका लागि पर्याप्त रकम विनियोजन नभएको र आफ्नो क्षेत्रमा नपरेको प्रश्न राख्नुभएकोमा उहाँले यी पुलको निर्माण सम्पन्न गर्नु चुनौतीपूर्ण रहेको बताउनुभयो।

बजेटको अभाव, निजी व्यवसायीको क्षमता अभावका कारण पुल निर्माणको ‘रिस्ट्रक्चरिङ’ गर्न आवश्यक रहेको उहाँको भनाइ थियो । गत आवमा सडक र पुल मर्मत सुधारमा अपेक्षित काम भएकामा कोरोनाले त्यसलाई बाधा पुऱ्याएको मन्त्री नेम्वाङले जानकारी दिनुभयो।रासस

# ‘सामाजिक क्षेत्रमा नयाँ युगको शुरुआत’

काठमाण्डु।महिला,बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री पार्वत गुरुङले सामाजिक क्षेत्रमा नयाँ युगको शुरुआत गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।



राष्ट्रियसभाको बुधबारको बेठकमा ‘विनियोजन विधेयक २०७७’ माथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री गुरुङले सबै प्रकारका विभेदको अन्त्य गर्दै एकीकृत सामाजिक रुपान्तरण गर्ने प्रभावकारी ढङ्गबाट काम गर्ने बताउनुभयो।

उहाँले ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले ज्येष्ठ नागरिक आश्रम स्थापना गर्ने योजना अघि सारिएको प्रस्ट पार्नुभयो।

उहाँले भन्नुभयो, “जातीय भेदभाव तथा छुवाछूत, बोक्सी प्रथा, छाउपडी प्रथालगायत सबै प्रकारका विभेद अन्त्य गर्ने उद्देश्यले सरकाले सामाजिक रुपान्तरणको नीतिलाई अगाडि सारेको छ, लैङ्गिकमैत्री नेपाल घोषणा गर्दै समाजलाई आत्मनिर्भर बनाउने अभियान चालेका छौं।”

सबै प्रकारका विभेद अन्त्य गर्दै सभ्य समाजको निर्माण गर्न विद्यालयस्तरबाटै पाठ्यक्रम परिमार्जन गर्ने तयारीमा रहेको उहाँको भनाइ थियो।रासस


## राजर्षिजनक विश्वविद्यालय

### डीनको कार्यालय

रामानन्द चौक, जनकपुरधाम, नेपाल

## क्याट्लग/ ब्रोसर सपिंग विधिवाट सावारी साधनहरु खरीद सम्बन्धि सिलबन्दी प्रस्ताव आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति :- २०७७/०३/०४

यस राजर्षिजनक विश्वविद्यालय डीनको कार्यालय, व्यवस्थापन संकाय र डीनको कार्यालय, मानविकि र समाजिकशास्त्र संकायको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरीद ऐन २०६३, (पहिलो संसोधन २०७३को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरीद नियमावली २०६४ (चौथो संसोधन) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालको लागि आधिकारीक विक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरीद नियमावली २०६४ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादनको अधिकारीक स्पेशिफिकेशन, गुणस्तर र कम्पनिको आधिकारीक मूल्य खुल्ने कागजात क्याटलग ब्रोसर) संलग्न राखि तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउन हुन सम्वन्धित उत्पादक वा आधिकारीक विक्रेताको जानकारीको लागी यो सुचना प्रकाशित गरीएको छ।

१) यस कार्यालयबाट स्वीकृत सवारी साधनको विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ।
२) उक्त कागजात लिनका लागि इच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागी आधिकारिक विक्रेताले उक्त सावारी साधन विक्रि वितरण गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमती पत्र, सो को अधावधिक नविकरण भएको पत्र, स्थायी लेखा नं., मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाण पत्र र उक्त सवारी साधन सप्लाई गरेको हालसम्मको विस्तृत विवरण सम्बन्धित कार्य अनुभवको प्रमाण पत्र सहितका कागजात सहित यो सुचना प्रकाशित भएको मितिले ९ औं दिन १६:०० बजे सम्म यस कार्यालयमा उपस्थित हुनुपर्ने छ।
३) यो सुचना प्रकाशित भएको मितिले ९ औं दिन १६:०० बजे सम्म यस कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिने छ तथा दर्ता गरेको सिलबन्दी प्रस्तावहरु २०७७/०३/१४ गतेका दिन १४:०० बजे खोलीने छ।
४) साथै सुचिकृत नभएका उत्पादक वा अधिकारिक बिक्रेता कम्पनीहरुले स्वीकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।
५) पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ।
६) सिलबन्दी प्रस्ताव स्वीकृत वा स्थगीत सहित अन्य सबै कुराहरुको अधिकार कार्यालयमा निहित रहनेछ।

| सि.नं. | सवारी साधनको नाम | संक्षीप्त विवरण | कैफियत |
| --- | --- | --- | --- |
| १ | The Hatch Back Car – 1 unit (Faculty of Management) | 4- Stroke, displacement. 950-1100cc, petrol engine, developing maximum rated power output not less than 65 PS at governed RPM, Maximum torque not less than 90 Nm at governed RPM & shall fully equipped with accessories for efficient full load operation of the car | संक्षिप्त बिवरणमा उल्लेख नभएका कुराहरुस्वीकृत Technical Specification बमोजिमहुनेछ। |
| २ | The Hatch Back Car – 1 unit (Faculty of Humanities and Social Science) | | |

खरीद समिति

# कोरोना भाइरसबाट भारतमा एकैदिनमा दुई हजारको मृत्यु



एएफपी

नयाँदिल्ली । भारतमा २४ घण्टाभित्र कोरोनाभाइरसबाट मृत्यु भएकाहरुको संख्या एक्कासी बढेको छ । अघिल्ला दिनहरुमा मृत्यु हुनेहरुको विवरण सयको संख्यामा आउने गरेकोमा बुधबार हजारको संख्यामा आएको छ ।

भारतका स्वास्थ्य अधिकारीहरुले बुधबार बिहान दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा कोरोनाभाइरसका कारण मृत्यु भएकाहरुको संख्या २ हजार ३ रहेको छ। अघिल्लो दिन मङ्गलबार बिहान उक्त मन्त्रालयले दिएको जानकारी अनुसार २४ घण्टामा ३८० जनाको मृत्यु भएको थियो । योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसका कारण मृत्यु भएकाहरुको कुल संख्या ११ हजार ९०३ पुगेको छ।

त्यसैगरी पछिल्लो २४ घण्टामा भारतमा १० हजार ९७४ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् । भारतमा अहिलेसम्म कुल सङ्क्रमितको संख्या ३ लाख ५४ हजार ६५ पुगेको अधिकारीहरुले जनाएका छन् । स्वास्थ्य अधिकारीहरुका अनुसार भारतमा अहिले पनि १ लाख ५५ हजार २२७ जना सङ्क्रमित अवस्थामै रहेका छन् भने अरु १ लाख ८६ हजार ३९५ जना सङ्क्रमणमुक्त भएका छन् । भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले कोरोनाभाइरसका कारण मृतकको संख्या एक्कासी बढेकोप्रति चिन्ता व्यक्त गरेको छ । भारतमा प्रदेश अनुसार हेर्दा सबैभन्दा धेरै सङ्क्रमित महाराष्ट्र प्रदेशमा रहेका छन् ।

# बेइजिङका सयौँ उडान र रेलसेवा रद्ध

एएफपी

बेइजिङ । चीनको केन्द्रिय राजधानी बेइजिङमा कोरोनाभाइरस विरुद्धको लडाईलाई फेरी सशक्त बनाउन लागेको छ । पछिल्लो समयमा अनपेक्षित रुपमा कोरोना सङ्क्रमितहरु भेटिन थालेपछि बेइजिङमा उच्च सतर्कता अपनाउन थालिएको हो ।

उच्च सतर्कता अपनाउने क्रममा बेइजिङमा रहेका दुई ओटा विमानस्थलबाट हुने सयौँ आन्तरिक उडान रद्ध गरिएको छ । अधिकारीहरुले दिएको जानकारीअनुसार करिब १ हजार २५५ ओटा आन्तरिक उडान रद्ध भएका हुन् ।

बेइजिङमा अहिलेसम्म ९० हजार जनाको कोरोना परिक्षण गरिएको र नयाँ ३१ सहित कुल १३७ जना सङ्क्रमित भेटिएपछि सरकारी अधिकारीहरुले उच्च सतर्कता अपनाउने निर्णय गरेका हुन् । बेइजिङबाट हुने अन्तर्राष्ट्रिय उडान भने यसअघि देखिने बन्द हुँदै आएको थियो । त्यो अनिश्चितकालका लागि स्थगित गरिएको छ ।

त्यसैगरी राष्ट्रिय रेल मार्गबाट पनि बेइजिङभन्दा बाहिर जानका लागि बन्द गरिएको छ । टिकट काटिसकेको छभने पनि रकम फिर्ता दिने गरिएको अधिकारीहरुको भनाई छ ।

बुधबारदेखि माध्यामिक तथा प्राथमिक विद्यालयका विद्यार्थीहरुलाई अनलाईन अध्ययन अध्यापनमा जोड दिन लगाइएको छ । कलेजका शंकास्पद विद्यार्थीहरुलाई भने कलेजमै फिर्ता गरिएको छ । बेइजिङका सार्वजनिक स्थलहरुमा आवत जावत गर्न पनि कडाई गरिएको समाचारमा जनाइएको छ ।

# विश्वमा चार लाख ४६ हजारभन्दा बढीको मृत्यु



एएफपी

जेनेभा । कोभिड- १९ बाट विश्वभर मृत्यु हुने व्यक्तिको सङ्ख्या चार लाख ४६ हजार १८० पुगेको छ । साथै यस सङ्क्रमणबाट विश्वभर ८२ लाख ६५ हजार ९३२ जना सङ्क्रमित भएका विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) द्वारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ ।

नेपाली समयानुसार बुधबारसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ४३ लाख २३ हजार ७३ जना निको भएका छन्.। हाल विश्वभरमा कोरोना भाइरस सङ्क्रमित करिब ३५ लाख व्यक्ति उपचाररत रहेका छन् । सङ्क्रमितहरुमा ५४ हजार ५९२ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस सङ्क्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ ।

डब्लुएचओका अनुसार संयुक्त राज्य अमेरिकामा मात्र २२ लाख आठ हजार ४०० जनामा कोरोना भाइरसका सङ्क्रमित रहेका छन् । यस प्रकोपका कारण अमेरिकामा एक लाख १९ हजार १३२ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ ।
दक्षिण अमेरिकामा १५ लाख १४ हजार ४९८ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन् । यहाँ ६३ हजार २९० जनाको मृत्यु भएको छ । उत्तर अमेरिकामा २५ लाख ४५ हजार २३१ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन् । यहाँ एक लाख ४७ हजार ८९५ जनाको मृत्यु भएको छ । युरोपमा २२ लाख ३५ हजार ९७० जना कोरोना भाइरस सङ्क्रमित रहेका छन् भने एक लाख ८३ हजार ९९८ को मृत्यु भएको छ । एसियामा १६ लाख ९८ हजार ५९९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने, ४३ हजार ८१२ जनाको मृत्यु भएको छ ।

अफ्रिकामा २ लाख ६१ हजार ९३९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने ७ हजार ४६ जनाको मृत्यु भएको छ । ओसियानामा ८ हजार ९८३ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने १२४ जनाको मृत्यु भएको छ ।

# भारत चीनबीचको सीमामा भएको हिंसाप्रति संयुक्त राष्ट्रसंघको चासो

एएफपी


नयाँ दिल्ली । भारत र चीनबीचको सीमामा भएको हिंसाप्रति संयुक्त राष्ट्रसंघको चासो व्यक्त गरेको बताइएको छ। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटर्रेसले सो विषयमा चासो व्यक्त गर्नुभएको हो ।

भारत र चीनबीचको सीमामा भएको विवाद र सैनिक भ्ाडपमा परी २० जना भारतीय सैनिकको ज्यान गएको बताइएको थियो । साथै संयुक्त राष्ट्रसंघका महासचिवले सो विषयमा वार्ताको माध्यमबाट विवादको समाधान खोज्नका लागि पनि आह्वान गर्नुभएको बताइएको छ ।

संयुक्त राष्ट्रसंघका महासचिव गुटर्रेसकोतर्फबाट सहायक प्रवक्ताद्धारा जारी गरिएको विज्ञप्तिमा भनिएको छ- भारत र चीनबीचको सो विवादमा केही सैनिक हताहत भएको समाचार पनि हामीले सुनेका छौँ, हामीले परिस्थितिलाई थप उत्तेजक नबनाइ वार्ताको माध्यमबाट समाधान खोज्न दुवै पक्षलाई आग्रह गर्दछौँ ।

भारत र चीनबीचको ग्वालन भ्यालीस्थित लदाखमा यही जुन १५ को राति भारत र चीनका सीमा सुरक्षा सैनिकबीच भ्ाडप भएको बताइएको छ । स ा ` भ्ाडपमा परेर भारतका कम्तीमा पनि २० जना सैनिकको ज्यान गएको भारतले जनाएको छ । त्यस्तै चीनले पनि आफ्ना सैनिक मारिएको जनाएको छ । चीनका उप विदेशमन्त्री लुओ जाहोइ र चीनका लागि भारतका राजदूत विक्रम मिश्रीबीच बुधबार चीनको राजधानी बेइजिङमा भेटवार्ता भएको बताइएको छ ।

# ‘कोभिड १९’ का विरुद्धको लडाइँमा अमेरिकाले भारतलाइ सघाउने



एएफपी

वासिङटन । संयुक्त राज्य अमेरिकाले कोभिड १९ का विरुद्धको लडाइँमा भारतसँग साभ्ेदारीका गर्ने जनाएको छ । अमेरिकाले मङ्गलबार यस्तो प्रतिबद्धता व्यक्त गरेको हो । अमेरिकाले पठाएको भेन्टिलेटरहरु बुधबार भारत आइपुगेका छन् । त्यसपछि प्रतिक्रिया दिँदै अमेरिकाले सो धारणा राखेको हो । अमेरिकाले भारतलाई औषधि उपकहरणहरु प्रदान गर्दै आएको छ । यसैसहयोग स्वरुप अमेरिकाले पनि पछिल्लो पटक भेन्टिलेटरहरु सहयोग गरेको बताइएको छ । यो सहयोगको पहिलो चरण बुधबार भारत पुगेको बताइएको हो । यी भेन्टिलेटरले भारतका भेन्टिलेटरमा राखेर उपचार गर्नुपर्ने अवस्थामा पुगेका विरामीको ज्यान बचाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । संयुक्त राज्य अमेरिकाको विदेश मन्त्रालयका प्रवक्ता मोगन अर्टगसले ट्वीट गरेर सो कुराको जानकारी दिनुभएको प्राप्त्च समाचारमा जनाइएको छ। भारतका लागि अमेरिकी राजदूत केनिथ जस्टरले बुधबार युएसएआइडीका तर्फबाट भारतीय रेडक्रस सोसाइटीलाइ बुधबार ती भेन्टिलेटरहरु उपलब्ध गराउनुभएको हो ।

अमेरिकाले भारतलाई औषधीय सामग्रीहरु उपलब्ध गराउने बताएको छ। सोहीबमोजिम अमेरिकाले यो पहिलो चरणमा १०० वटा भेन्टिलेटर पठाएको बताइएको हो ।

# डिफिडलाई परराष्ट्मा गाभ्ने बेलायत सरकारको निर्णय

कृष्णप्रसाद शर्मा

लण्डन । बेलायतका प्रधानमन्त्री बोरिस जोन्सनले डिपार्टमेन्ट फर इन्टरनेशनल डेभलपमेन्ट (डिफिड) लाई अबदेखि परराष्ट्रअन्तर्गत गाभ्ने बताउनुभएको छ । साप्ताहिकरूपमा संसद्मा हुने ‘ प्रश्न सोध्ने समय’ अन्तर्गत प्रधानमन्त्री जोन्सनले मङ्गलबार डिफिडलाई परराष्ट्रमा गाभ्ने बताउनुभएको हो ।

बेलायती जनताले तिरेको करको उच्च महत्व होस् भनेर लामो समयदेखि गर्न खोजेको यो काम अब गर्नुपर्ने उहाँले बताउनुभयो ।

# बेलायतमा कोभिड-१९ सङ्क्रमितको उपचारमा ‘स्टेराइड डेक्सामेथासोन’ को सफल नतिजा

एएफपी

पेरिस । बेलायतमा कोभिड-१९ सङ्क्रमणको गम्भीर समस्या रहेका एक तिहाई विरामीको जीवन जोगाउन ‘स्टेरोइड डेक्सामेथासोन’ को प्रमुख भूमिका रहेको अन्वेषकहरूले बताएका छन् ।

मङ्गलबार सार्वजनिक परीक्षण परिणामबारे दिइएको जानकारीमा डेक्सामेथासोनको भूमिका बेलायतमा गम्भीर खालका कोरोनाभाइरस सङ्क्रमित विरामीको उपचारमा वरदान नै बनेको उल्लेख गरिएको छ ।

बेलायतको अक्सफोर्ड विश्वविद्यालयसँग सम्बन्धित अन्वेषकहरूको टोलीले भनेको छ, “बेलायतमा प्रशस्त पाइने ‘स्टेरोइड डेक्सामेथासोन’ औषधिले गम्भीर प्रकृतिका सङ्क्रमित दुई हजार व्यक्तिको जीवन बचाउन सफल भएको छ ।”

अनुसन्धानको प्रारम्भिक रिपोर्ट अनुसार “मेसिनको सहायतामा कृतिम श्वास दिई उपचार गर्नु परेका कोभिड-१९ सङ्क्रमित ३५ प्रतिशत विरामीको मृत्युलाई कम गरेको थियो भने अक्सिजन दिनु परेका विरामीमध्ये पाँचमा एक जनाको सङ्क्रमणलाई निको पारेको थियो ।”

# रूसको दक्षिणी सहर नजरानमा गोली चल्दा चारको मृत्यु

एएफपी

मस्को । रूसको दक्षिणी शहर नजरानमा दुई समूहबीच भएको भ्ागडामा गोली चल्दा कम्तीमा चार जनाको मृत्यु भएको छ भने अन्य तीन जना घाइते भएका रूसी स्रोतले बताएको छ ।

पूर्वइन्गुसेटिया गणतन्त्रको राजधानी रहेको नजरानस्थित एक अनुसन्धान समितिद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

# जर्मनीमा अमेरिकी सैनिकको उपस्थिति अमेरिका र इयूको सुरक्षाका लागि महत्वपूर्ण



एएफपी

वार्सा । जर्मनीमा अमेरिकी सैनिकको आवश्यकता बर्लिनलाई नभई अमेरिका र यूरोपेली सङ्घको सुरक्षाका लागि बढी महत्वपूर्ण रहेको जर्मनीका विदेशमन्त्री हेइको मासले बताउनुभएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जर्मनीमा रहेका अमेरिकी सैनिकको सङ्ख्यामा कटौति गर्ने घोषणासँग जर्मनीको यो धारणा आएको हो ।

हामीलाई लाग्छ जर्मनीमा अमेरिकी उपस्थितिको महत्व जर्मनीलाई मात्र नभई अमेरिका तथा खासगरी यूरोपेली सङ्घको सुरक्षाका लागि महत्वपूर्ण रहेको छ, विदेशमन्त्री मासले आफ्नो पोल्याण्ड भ्रमणका क्रममा मङ्गलबार बताउनुभयो ।

यस पहिले अमेरिकी राष्ट्रपति ट्रम्पले जर्मनीले नेटोको योगदानमा ‘ इमान्दारिता’ नदेखाएको र अमेरिकासँगको व्यापारमा ‘ गलत अभ्यास’ गरेको भन्दै जर्मनीमा रहेको अमेरिकी सैनिक सङ्ख्यामा कटौति गर्ने घोषणा गर्नुभएको थियो । जर्मनीमा ५२ हजार अमेरिकी सैनिक रहेको र यसलाई कटौति गरी २५ हजारमा सिमित गरिन लागेको ट्रम्पले बताउनुभएको थियो ।

पेन्टागनका अनुसार ३४ हजार देखि ३५ हजार अमेरिकी सैनिक जर्मनीमा स्थायीरूपमा रहेका र आउने जाने क्रममा अस्थायीरूपमा बसोबास गर्ने सैनिकको समग्र सङ्ख्या ५० हजारभन्दा बढी भएको जनाएको छ।

यसैबीच नेटो प्रमुख जेन्स स्टलटेनवर्गले मङ्गलबार भन्नुभयो, “यूरोपमा रहेका अमेरिकी सैनिकले एटलान्टिकमा दुबै पक्षलाई सुरक्षित बनाएको धारणा राख्नुभएको छ ।

यूरोपेली सुरक्षामा अमेरिकी भूमिकासम्बन्धी ट्रम्पका पछिल्ला धारणालाई सहयोगी राष्ट्रहरूका लागि अमेरिकाको कमजोर प्रतिवद्धता भन्दै आलोचना भएको छ । अमेरिकाले द्वित्तीय विश्व युद्धपछि शीत युद्धको उत्कर्षसम्ममा अमेरिकी दशौँ हजार अमेरिकी सैनिकलाई यूरोपमा तैनाद गर्दै आएको छ ।

यसैबीच अमेरिकी सैनिकको सङ्ख्या बढाउने पोल्याण्डको योजनाबारे प्रधानमन्त्री मातेउज मोराविकीले सोमबार जर्मनीलाई आश्वस्त पार्नुभएको थियो ।

पोल्याण्डमा अमेरिकी सैनिकको सङ्ख्या बढाउने बिषय जर्मनीले असहज रूपमा लिएपछि पोल्याण्डको सरकारको तर्फबाट जर्मनीको विश्वास लिने प्रयास भएको थियो ।

सोमबारको एक अन्तवार्तामा मोराविकीले भन्नुभयो, “अमेरिकाले जर्मनीमा आफ्नो सैनिकको उपस्थितिलाई घटाउने योजना वाल स्ट्रिट जोर्नलमा प्रकाशित समाचारमा आएको केही दिनपछि पोल्याण्डमा अमेरिकी सैनिकको केही सङ्ख्यालाई बढाउने योजना अघि सारिएको हो ।”

“हाम्रो चाहना अमेरिकी सेनाको जर्मनीमा हुने खर्चमा कटौति गर्ने होइन,” प्रधानमन्त्री मोराविकीले बाल्टिक न्यूज सर्भिस (बीएनएस)सँगको अन्तवार्तामा भन्नुभयो । जर्मन विदेश मन्त्री हेको मासको मङ्गलबार हुने वार्सा भ्रमणको पूर्वसन्ध्यामा पोलिस प्रधानमन्त्रीको यो भनाई आएको थियो ।

# न्युजिल्याण्डका सैन्य नेताहरु सिमानामा परिचालित

एएफपी

वेलिङ्टन । न्युजिल्याण्डकी प्रधानमन्त्री जसिन्डा अर्डेर्नले सैन्य नेताहरुलाई सिमानामा खटाउनु बताउनु भएको छ । देशको सीमा क्षेत्रमा रहेका क्वारेन्टाइनहरुमा मापदण्ड पुरा भएको वा नभएको र बाहिरबाट आउनेहरुको निगरानी गर्नका लागि उनीहरुलाई खटाइएको हो ।

लण्डनबाट आएका दुई महिलालाई क्वारेन्टाइन छोड्नु अगाडी भाइरसको परिक्षण गर्दा स्वास्थ्यकर्मीहरुले त्रुटी गरेपछि उहाँले सैन्य उच्च अधिकारीहरुलाई पठाउनु परेको उल्लेख गर्नुभएको छ ।

ती महिलाहरु न्युजिल्याण्डके नागरिक हुन् । आफ्ना आमाबुवाको निधनका कारण उनीहरुले यात्रा गर्नु परेको जनाइएको छ ।

न्युजिलयाण्डकै ओक्ल्याण्डदेखि वेलिङ्टनसम्म कारमा यात्रा गरेपछि परिक्षण गर्दा उनीहरुमा कोरोनाभाइरसको सङ्क्रमण देखिएको थियो ।

स्वास्थ्य अधिकारीहरुले त्यो सडक यात्राका क्रममा ती महिलाहरु कुनै पनि अन्य व्यक्तिसँग सम्पर्कमा नरहेको दाबी गरेका थिए । तर उनीहरुले विमान यात्रा देखि क्वारेन्टाइनको रुपमा होटलमा बस्दासम्मको अवधिमा ३२० जनासँग भने सम्पर्कमा रहेको पाइएको स्वास्थ्य अधिकारीहरुके भनाई छ ।

यी दुई जनामा सङ्क्रमण देखिनु अघि न्युजल्याण्डमा पछिल्लो तीन हप्तासम्म कुनै सङ्क्रमित नभेटिएको घोषणा गरिएको थियो ।

कम्तीमा दुई हप्तासम्म कुनै पनि सङ्क्रमित नभेटिएमा कोरोनाभाइरस मुक्त मान्ने मान्यता अनुसार न्युजिल्याण्डलाई कोरोनामुक्त मुलुकको रुपमा घोषणा पनि गरिएको थियो । नयाँ सङ्क्रमित भेटिएसँगै प्रधानमन्त्री अर्डेर्नले सिमा क्षेत्रमा थप सतर्कता बढाउनु पर्नेमा जोड दिनुभएको छ ।

## राजर्षिजनक विश्वविद्यालय

### सेवा आयोगको कार्यालय

रामानन्द चौक, जनकपुरधाम, नेपाल

## क्याट्लग / ब्रोसर सपिंग विधिवाट सावारी साधनहरू खरीद सम्बन्धिसिलबन्दी प्रस्ताव आव्हानको सुचना

**प्रथम पटक प्रकाशित मिति :- २०७७/०३/०४**

यस राजर्षिजनक विश्वविद्यालय सेवा आयोगको कार्यालयको आ. व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारी साधन सार्वजानिक खरीद ऐन २०६३, (पहिलो संसोधन २०७३ को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजानिक खरीद नियमावली २०६४ (चौथो संसोधन) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालको लागि आधिकारीक विक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजानिक खरीद नियमावली २०६४ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादनको अधिकारीक स्पेशिफिकेशन, गुणस्तर र कम्पनिको आधिकारीक मूल्य खुल्ने कागजात क्याटलग ब्रोसर) संलग्न राखि तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउन हुन सम्वन्धित उत्पादक वा आधिकारीक विक्रेताको जानकारीको लागी यो सुचना प्रकाशित गरीएको छ ।

१) यस कार्यालयबाट स्वीकृत सवारी साधनको विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ ।
२) उक्त कागजात लिनका लागि इच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागी आधिकारिक विक्रेताले उक्त सावारी साधन विक्रि वितरण गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमती पत्र, सो को अधावधिक नविकरण भएको पत्र, स्थायी लेखा नं., मु. अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाण पत्र र उक्त सवारी साधन सप्लाई गरेको हालसम्मको विस्तृत विवरण सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात सहित यो सुचना प्रकाशित भएको मितिले ९ औं दिन १६:०० बजे सम्म यस कार्यालयमा उपस्थित हुनुपर्ने छ ।
३) यो सुचना प्रकाशित भएको मितिले ९औं दिन १६:०० बजे सम्म यस कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिने छ तथा दर्ता गरेको सिलबन्दी प्रस्तावहरु २०७७/०३/१४ गतेका दिन १४:०० बजे खोलीने छ ।
४) साथै सुचिकृत नभएका उत्पादक वा अधिकारिक बिक्रेता कम्पनीहरुले स्वीकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।
५) पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ ।
६) सिलबन्दी प्रस्ताव स्वीकृत वा स्थगीत सहित अन्य सबै कुराहरुको अधिकार कार्यालयमा निहित रहनेछ ।

| सि.नं. | सवारी साधनको नाम | संक्षीप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | The Hatch Back Car – 1 unit | 4- Stroke, displacement. 950-1100cc, petrol engine, developing maximum rated power output not less than 65 PS at governed RPM, Maximum torque not less than 90 Nm at governed RPM & shall fully equipped with accessories for efficient full load operation of the car | संक्षिप्त बिवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

**खरीद समिति**

# मल छैनः किसानको फोन लगातार

मलगंवा । जिल्लामा धान रोप्ने समयमा मल अभाव भएको छ। रोपाइँका लागि खेतमा ब्याड तयार भए पनि सहज रूपमा मल उपलब्ध हुन सकेको छैन।

केही व्यापारीले मल राखे पनि अभावको फाइदा उठाउँदै चर्को मूल्यमा बिक्री गर्दै आएको किसानले गुनासो गरेका छन् । कोरोना भाइरसका कारण जिल्लामा मल नआउँदा बिक्रीवितरणमा समस्या भएको कृषि सामग्री संस्थान लिमिटेडले जनाएको छ । ब्याडका लागि बीउ छर्नुभन्दा अगाडि डिएपी मल खेतमा हाल्ने गरेका किसान धान रोप्ने समयसम्म पनि मल नपाउँदा थप चिन्तित बनेका छन्।

'बीउ छर्ने बेलामा मल नहाल्दा ब्याड यस वर्ष राम्रो हुन सकेन', हरिवन-२ अत्रौलीका रामपुकार महतो गुनासो गर्नुहुन्छ । भारतबाट ल्याउन जाँदा लकडाउनका कारण प्रहरीले जान दिँदैन। अरु वर्ष नेपाली बजारमा अभाव हुँदा भारतबाट ल्याएर पनि खेती गर्ने गरेको तर यस वर्ष कुनै उपाय नभएको किसानको भनाइ छ।



जिल्लामा अहिले मलको अभाव रहेको कृषि सामग्री संस्थानका प्रमुख बज्रमणि लामाले बताउनुभयो। धान खेतीका लागि मात्रै जिल्लामा एक हजार पाँच सय मेट्रिक टन डिएपी र दुई हजार मेट्रिक टन युरिया मलको आवश्यकता पर्ने गरेको भए पनि लकडाउनका कारण मल ल्याउन नपाउँदा किसान मारमा परेको लामाको भनाइ छ। अहिले संस्थानमा करीब १५० मेट्रिक टन डिएपी र दुई ट्रक युरिया बाँकी रहेको उहाँ बताउनुहुन्छ । अहिलेलाई डिएपीको माग बढ्दो र गोदाममा भएको मलले एक दुई गाउँलाई पनि नपुग्ने भएकाले माग गरिएको लामाले बताउनुभयो । रोपाइँ भइसकेपछि साउनतिर युरिया चाहिन्छ।

केही दिन अगाडि आएको मल मकै खेतीका लागि किसानले लिएर गएको र अहिले धान खेतीको समय भए पनि गोदाममा मल नभएको तर किसानले मलका लागि फोन गरेको गर्‍यै छन् । यही असार १ गतेदेखि मल सहकारीमार्फत बिक्रीवितरण गर्ने तयारी भए पनि संस्थानमा मल नै नभएर बिक्रिवितरण गर्न नसकिएको प्रमुख लामाले बताउनुभयो ।रासस

# उद्धार उडानको पूर्वनिर्धारित तालिका परिवर्तन

काठमाण्डु । राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले विश्वका विभिन्न मुलुकमा रहेका नेपालीको उद्धार चार्टर्ड उडानको पूर्वनिर्धारित तालिका परिवर्तन गरेको छ।

उक्त उद्धार उडानबाट नेपाल आउने नेपालीले अनिवार्य रूपमा पिसिआर परीक्षणको रिपोर्ट पेश गर्नुपर्ने भएकाले चार्टर्ड उडानको तालिका परिवर्तन गर्नुपरेको निगमले विज्ञप्तिमार्फत जनाएको छ । पिसिआर रिपोर्ट समयमा आउन नसेकेको तथा अन्य प्राविधिक कारणले गर्दा सम्बन्धित देशका नेपाली दूतावासबाट अनुरोध भएकाले पूर्वनिर्धारित उडान तालिकामा केही परिवर्तन गरिएको हो ।

निगमले यसअघि जुन १४ देखि २५ सम्मको उद्धार उडानको तालिका सार्वजनिक गरेको थियो। निगमको पहिलो उडानमा वाइड बडी जहाजले बङ्गालादेशबाट २५८ नेपाली उद्धार गरी नेपाल ल्याएको थियो । जुन १५ र १६ को उडान रद्द भएको थियो । पछिल्लो पटक निगमले उडानको नयाँ कार्यतालिका बनाएको छ । निगमको उडान तालिकाअनुसार जुन १७ मा थाइल्याण्डको बैंकक रहेको छ। त्यसैगरी जुन १८ मा साउदी अरेबियाको रियाद र दुबई, जुन १९मा जापानको नारिता र बुवेत, जुन २० मा साइप्रस, क्वालालम्पुर र दोहा उडान हुनेछ । त्यसैगरी जुन २१ मा ढाका, दक्षिण कोरिया र बहराइन जुन २२ मा अष्ट्रेलियाको सिड्नी र बैंकक उडान हुनेछ। त्यस्तै जुन २३ मा नारिता र माले, जुन २४ मा नारिता साउदी अरबको जेद्दा, जुन २५ मा बहराईन, जुन २६ मा मेलबर्न, जुन २७ मा मेलबर्न, जुन २९ मा तेल अभिव, साइप्रस, जेद्दा र जुन ३० मा साइप्रसका लागि उडान निर्धारण गरिएको छ।



दूतावाससँगको समन्वयमा हुने चार्टर्ड उडानमा यात्रुले पिसिआर वा आरडिटी परीक्षण नेगेटिभ वा कोभिडको लक्षण नभएको स्वास्थ्यकर्मीको प्रमाणित प्रमाण पेश गरेको हुनुपर्नेछ। चार्टर्ड उडान यात्रुको उपलब्धताको आधारमा परिवर्तन हुनसक्ने र जहाजमा ८५ प्रतिशत अकुपेन्सी भएमा मात्र चार्टर्ड हुने निगमले विज्ञप्तिमा उल्लेख गरेको छ।

**बङ्गलादेश र बैंककबाट उद्धार उडान**

नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सले आज पनि विभिन्न मुलुकबाट अलपत्र नेपाली उद्धार उडान गरी नेपाल ल्याउँदैछन् । नेपाल एयरलाइन्सले बैंककबाट र हिमालयले ढाकाबाट उद्धार उडान गरी नेपाली ल्याउने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले जनाएको छ । त्यस प्रयोजनका निम्ति दुबै एयरलाइन्सका जहाज गन्तव्यतर्फ उडिसकेका छन् । दुबै जहाज साँझ काठमाडौं फर्कने जनाइएको छ।

विभिन्न मुलुकमा अलपत्र नेपाली ल्याउन राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र निजी लगानीको हिमालय एयरलाइन्सका जहाज प्रयोग हुनेछन्।

सरकारले विभिन्न मुलुकमा अलपत्र परेका करिब ३० हजार नेपाली जहाज चार्टर्ड गरेर ल्याउने निर्णय गरेसँगै निगमले जुन महिनाभर विभिन्न देशबाट गरिने चार्डर्ड उडानको कार्यतालिका बनाइसकेको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपाल एयरलाइन्सलाई २४ र हिमालय एयरलाइन्सलाई १९ उडान गर्नेगरी अनुमति दिएको थियो। त्यस्ते २४ वटासम्म विदेशी एयरलाइन्सलाई उडान दिइएको छ । नेपाल एयरलाइन्सका दुई वाइडबडी र दुई न्यारोबडी गरी चार जहाजले उडान गर्नेछन् भने नेपालबाट अन्तर्राष्ट्रिय उडान भर्ने निजी लगानीको हिमालय एयरलाइन्ससँग चार न्यारो बडी जहाज छन् ।रासस

# खाद्य सामग्रीः निःशुल्क डेलिभरी

काठमाण्डु। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा उपलब्ध सुपथ मूल्यका सामग्री ग्राहकले अनलाइनबाटे माग गरेमा निःशुल्क डेलिभरी गरिने भएको छ। कम्पनीका उपमहाप्रबन्धक मोतिराज ज्ञवालीका अनुसार बन्दाबन्दीको अवस्थामा रोगको सङ्क्रमणको जोखिम हुने भएकाले ग्राहकको सहजताका लागि यसरी सेवा थालिएको हो। यसअघि चक्रपथभित्र शुरु भएको सेवा अब भने चक्रपथ बाहिर पनि शुरु गरिएको उहाँले बताउनुभयो।

इकमर्सको अर्डर लिने र डेलिभरी गर्नका लागि सस्तोडिल डटकमसँग सहकार्य भएको छ। त्यसका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र इकमर्स कम्पनी सस्तोडिल डटकम (कबकतयमभबीअयक) बीच व्यापार साझेदारी सम्झौता भएको ज्ञवालीले जानकारी दिनुभयो। उहाँका अनुसार अबका दिनमा भने आफ्नै कर्मचारीसँगै सस्तो डिलमार्फत सामान घर-घरमा पुऱ्याइने छ।

साझेदारीसँगै खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा उपलब्ध सुपथ मूल्यका सामग्री सस्तो डिलले निःशुल्क रूपमा होम डेलिभरी गर्न थालिएको सस्तोडिल डटकमका निर्देशक अमुन थापाले जानकारी दिनुभयो। अहिलेको अवस्थामा सामाजिक सेवाके रूपमा सरकारलाई सहयोग गर्नका लागि काम थालिएको र यसको सिकाइका आधारमा देशभर सेवा सञ्चालन गर्ने उद्देश्य रहेको उहाँले बताउनुभयो।

उहाँले कुनै पनि सेवा नलिइ सरकारी उत्पादन त्यही मूल्यमा निःशुल्क रूपमा घरसम्म डेलिभरी गरिने समेत बताउनुभयो। उपत्यकाको चक्रपथभित्र यसअघि नै सञ्चालन भएको सेवा अहिले भने चक्रथप बाहिर पाँच किलोमिटरसम्म पुगेर दिइने उहाँले बताउनुभयो। कोभिड१९ को महामारीले गर्दा लकडाउन शुरु भएसँगै इकमर्स सेवाको माग ह्वात्तै बढेको छ। सोही कारण कम्पनीले इकमर्स सेवा शुरु गरेको थियो। ग्राहकले सस्तो डिलको वेबसाईट वा मोबाइल एप प्रयोग गरी अर्डर गर्न सक्नेछन्। हाल दाल, चामल, नुन, डिडिसिका उत्पादन लगायतका सामग्री सुचिकृत गरिएको छ ।रासस

# एक लाख ३८ हजार मेट्रिक टन चामल मौज्दात

काठमाण्डु। सरकारी तथा निजी क्षेत्रका व्यवसायीसँग डेढ लाख मेट्रिक टन चामल मौज्दात रहेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ। मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँग १५ हजार ५९ मेट्रिक टन र निजी क्षेत्रसँग एक लाख २३ हजार २४५ मेट्रिक टन चामल मौज्दात रहेको छ।



तथ्याङ्कअनुसार खाद्य कम्पनीसँग रहेको मौज्दात चामलमध्ये दुई हजार ९५३ मेट्रिक टन दुर्गमका २३ जिल्लामा रहेको छ। यसैगरी निजी क्षेत्रका उद्योगसँग ६० हजार मेट्रिक टन चामल मौज्दात रहेको मन्त्रालयले जनाएको छ। निजी क्षेत्रसँग रहेको ९८ हजार ५४ मेट्रिक टन धानबाट ६३ हजार २४५ मेट्रिक टन चामल उत्पादन हुने अनुमान गरी निजी क्षेत्रसँग एक लाख २३ हजार २४५ मेट्रिक टन चामल मौज्दात रहेको बताइएको छ।

मन्त्रालयका सहप्रवक्ता उर्मिला केसीका अनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँग चामलसँगै ६५१ क्विन्टल फापर, ५०० क्विन्टल सिमी, ५४३ मेट्रिक टन गहुँ खरिद गरी मौज्दात राखिएको छ भने १३ मेट्रिक टन दाल तथा गेडागुडी मौज्दात रहेको छ। धान र गहुँ खरिद प्रक्रियामा रहेको जनाइएको छ।

त्यसैगरी साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडसँग दुर्गमका जिल्लामा दुई हजार ७४८ मेट्रिक टन नुन मौज्दात रहेको र आयात प्रक्रियामा रहेको एक लाख ३६ हजार ७७५ मेट्रिक टन नुन आयात प्रक्रियामा रहेको छ। साल्ट ट्रेडिङसँग दुई हजार १६८ मेट्रिक टन चिनी र निजी उद्योगसँग ३६ हजार ४६६ गरी ३८ हजार ६३४ मेट्रिक टन चिनी मौज्दात रहेको छ। निजी क्षेत्रका व्यापारीसँग दाल, केराउ तथा चना १६ हजार ८१ मेट्रिक टन मौज्दात रहेको छ भने ८३ हजार ९६७ मेट्रिक टन खानेतेल आयात प्रक्रियामा रहेको जनाइएको छ।

तेल उद्योगसँग १०० मेट्रिक टन पामआयल, दुई हजार ८६८ मेट्रिक टन पामोलिन तेल, एक हजार ८३० मेट्रिक टन सोयाबिन तेल, एक हजार ३६५ मेट्रिक टन सूर्यमुखी तेल मौज्दात रहेको छ। यसैगरी छ हजार ८८४ मेट्रिक टन तेल आयातको प्रक्रियामा रहेको छ भने ५३ हजार २६४ मेट्रिक टन तेल कोलकातामा मौज्दात छ।

मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार नेपाल आयल निगमको थानकोट डिपोमा ३५ हजार ९२८ किलोलिटर डिजेल, सात हजार ५८ किलोलिटर पेट्रोल र एक हजार ३६० किलोलिटर मट्टितेल मौज्दात रहेको छ।

यसैगरी निगमको सिनामङ्गल डिपोमा छ हजार ४२९ किलोलिटर हवाई इन्धन मौज्दात रहेको छ भने विभिन्न ग्यास उद्योगसँग एक हजार ४३२ मेट्रिक टन ग्यास मौज्दात रहेको छ।

सहप्रवक्ता केसीका अनुसार पछिल्लो समय पेट्रोलियम पदार्थको आयातको तुलनामा बिक्री वितरणमा वृद्धि भएको छ भने खाना पकाउने ग्यासको दैनिक आयातको तुलनामा मागमा वृद्धि भएको छ ।रासस

# व्यापारिक मार्गको ६५ प्रतिशत काम सम्पन्न

वीरगञ्ज । बारा जिल्लाको पथलैया, परवानीपुर, गण्डक, बहुअरीचोक, ड्राइपोर्ट हुँदै आइसिपीसम्म निर्माण भइरहेको व्यापारिक मार्गको हालसम्म ६५ प्रतिशत मात्र काम सम्पन्न हुनसकेको छ। सङ्घीय सरकारको रु पाँच अर्ब ५० करोडको लागतमा विस्तार भइरहेको छ लेनको सो व्यापारिक मार्गको लम्बाइ ३२ किलोमिटर छ।

व्यापारिक मार्ग विस्तारअन्तर्गत जितपुर क्षेत्रमा काम गर्न ठेक्का लिएको शर्मा युनाइटेड कम्पनीले सो क्षेत्रको काममा ढिलासुस्ती तथा आलटाल गर्ने गरेकाले काम अगाडि बढ्न नसकेको व्यापारिक मार्ग विस्तार योजना वीरगञ्ज पथलैयाका योजना प्रमुख सञ्जयकुमार मिश्रले राससलाई बताउनुभयो।

योजना प्रमुख मिश्रले काम गर्ने ठेक्का लिएको ठेकेदार कम्पनीको लापरवाही, लामो समयदेखि लकडाउन लागू हुनु, सडक निर्माणमा काम गर्ने कामदार भारतीय भएकाले कोरोना सङ्त्रमणका कारण ती कामदार आ-आफ्नो घर भारततर्फ जानुजस्ता कारणले सो सडक विस्तारको काम प्रभावित भएको बताउनुभयो।

आगामी २०७७ पुस मसान्तसम्म काम पूरा गरिसक्नुपर्ने भनेर सम्झौता गरिए पनि ठेकेदार कम्पनीको कामप्रतिको उदासीनताका कारण तोकिएको समयमा काम पूरा हुन नसक्ने देखिन्छ। सङ्घीय सरकारले बन्दाबन्दीमा पनि विकास निर्माणका कार्यलाई अगाडि बढाउनुपर्ने नीति अघि सारेपछि रोकिएको वीरगञ्ज-पथलैया व्यापारिक मार्गको काम शुरु गरिएको छ। त्रिभुवन राजपथअन्तर्गत पर्ने सिमरादेखि पथलैयासम्मको सडक खण्डमा कालोपत्र गरिएको छ।

वीरगञ्जको सिर्सियास्थित सुक्खा बन्दरगाहदेखि परवानीपुर हुँदै पथलैयासम्मको सडक विस्तारको ठेक्का विसं २०७३ असारमा लगाइएको थियो । सम्झौताअनुसार २०७५ असारमा कामसकिनुपर्नेमा पछिल्लोपटक म्याद थपेर आउँदो पुससम्म लम्ब्याइएको भए पनि बन्दाबन्दीका कारण सो काम पूरा नहुने विश्वास व्यक्त गरिएको छ। सरकारले सार्वजनिक खरिद ऐन संशोधन गरेर ठेक्काको म्याद थपिँदा ६५ प्रतिशतसम्म प्रगति देखिएको भए पनि सो काम समयभित्र सम्पन्न हुनेमा शङ्का रहेको प्रमुख मिश्रले बताउनुभएको छ। रासस

# बजेटमा छलफल शुरु

विराटनगर । प्रदेश नं १ को प्रदेशसभाको बैठकमा आर्थिक वर्ष २०७७/७८ का लागि राजश्व र व्ययको वार्षिक अनुमानमाथि बुधबारदेखि छलफल शुरु भएको छ।



प्रदेशसभा नियमावली, २०७४ को नियम ११५ (२) बमोजिम असार १ गते पेश भएको सो बजेटको छलफल शुरु हुनुभन्दा पहिले आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बोले प्रस्तुत बजेटमा विभिन्न कोणबाट भएको टीकाटिप्पणीलाई सकारात्मक रूपमा लिएको भन्दै विकास र समृद्धिको बाटोमा बजेट उपयुक्त छ भन्नुभयो।

उहाँले आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट रु चार अर्ब ७५ करोड सात लाख ४७ हजार, राजश्व बाँडफाँटबाट रु १० अर्ब तीन करोड ५४ लाख र अनुदानबाट रु १५ अर्ब ११ करोड ३८ लाख अनुमान गरिएको बताउनुभयो।

उहाँले वार्षिक बजेटमा चालू आर्थिक वर्षको नगद मौज्दात रु ६ अर्ब रहने अनुमान गरेको छु भन्दै स्रोतहरूबाट खर्चको आवश्यकता पूरा नहुने भएकाले न्यून वित्त रु पाँच अर्ब नेपाल सरकारसँग ऋण लिई पूर्ति गरिनेमा जोड दिनुभयो।

बजेटको छलफलमा प्रदेशसभा सदस्य राजकुमार ओझाले सीमित साधन र स्रोतले असीमित जनताका चाहना पूरा गर्न कठिन हुने प्रस्ट पार्दै बजेट समग्रमा प्रदेश जनताका हितमा रहेको चर्चा गर्नुभयो।

सदस्य शेखरचन्द्र थापाले बजेटको अवस्थामा अध्ययन गर्दा सरकारको खर्च गर्ने क्षमता निकै कमजोर रहेको प्रस्ट पार्दै सरकार रोजगारी सिर्जना गर्न, उत्पादन बढाउन र अर्थतन्त्रलाई गतिशील बनाउन बजेट उपयुक्त नरहेको चर्चा गर्नुभयो। रासस


**धनुषाधाम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
धनुषाधाम, धनुषा
प्रदेश नं. २, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति २०७७/०३/०४ गते

यस धनुषाधाम नगरपालिकाबाट प्रकाशित सूचना अनुसार तपसिलका ठेक्का नं. का लागि तोकिएको मिति र समय भित्र e-bidding बाट दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राहि भएकाले दरभाउपत्र स्विकृतका लागि छनोट भएका हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सो ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबेको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपसिल

| ठेक्का नं. | कामको विवरण | फर्मको नाम | स्वीकृत गरिएको कबोल अंक रु. | कैफियत |
|---|---|---|---|---|
| TB/31/2076/77 | Fabrication steel parts and transportation up to road heads of Dihawarsthan Steel Truss Bridget (TB/31/2076-77) | INTER-TECH Pvt. Ltd. Butwal | 2836764.701 (With VAT) | |
| TB/32/2076/77 | Fabrication steel parts and transportation up to road heads of Mungaraha Steel Truss Bridgs (TB/32/2076-77) | INTER-TECH Pvt. Ltd. Butwal | 4541239.39 (With VAT) | |

प्रमुख प्रशासकिय अधिकृत



**Provincial Government**
**Province No. 2**
**Ministry of Social Development**
**Provincial Hospital**
**Janakpurdham, Dhanusha**

**Notice for the Letter of Intent**

First Publication Date 17th June 2020

Pursuant to sub clauses 27.2 and 27.3 of public procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract Identification No. mentioned below as per the Invitation for Bids published in the national daily newspaper "Janakpur Today" on 27th May 2020, that the following listed Lowest Evaluated and Substantially Responsive Bidders has been selected to award the contract.

| Contract ID No. | Name of work | Lowest Revaluated Substantially Responsive Bidder | Bid Price Nrs. (Including P.S. and VAT) |
|---|---|---|---|
| PH/NCB/076/077/7 | Waiting Room and Help Desk Construction Work | N.B. Construction Pvt. Ltd. Janakpur-11, Dhanusha | 22392886.12 |
| PH/SQ/076/077/12 | Generator Room Construction work | Vijay Construction Jaleshwor, Mahottari | 1364254.80 |



**कोरोना मैयाको पूजा ।** कोरोना भाइरसको महामारी विश्वमै फैलिएको बेला धनुषाका महिलाहरुले कोरोना देवताको पुजा गरेकी छन्। नदीमा गई पुजाअर्चना गरेपछि कोरोना भाइरसको संक्रमण नियन्त्रण हुने विश्वासका साथ धनुषाको कमला नपा वडा नं. १ मङ्राहामा बुधबार कोरोनाको महिलाहरुले सामूहिक पूजा गरेकी छन्। सरकारले जारी गरेको आचारसंहिता विपरित एकै ठाउँमा भेला भएर पुजा गरेकी छन्।

*तस्वीर:समाजिक संजाल*

# रेडजोन घोषणा भएको सर्लाहीमा संक्रमित संख्या थपिदै

**टुडे समाचारदाता**

मलगंवा । नेपाल सरकारले असार १ गतेबाट लकडाउनलाई खुकुलो पारे पनि चार जिल्लामा भने 'पूर्ण लकडाउन' यथावत् राखेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको नयाँ मापदण्ड अनुसार २ सय बढी 'एक्टिभ' संक्रमण भएको जिल्लामा 'पूर्ण लकडाउन' गर्ने भनिएको छ । जस अनुसार सर्लाही, रौतहट र कपिलवस्तु र देलेखमा लकडाउन जारी रहने भनिएको छ।

तर, सदरमुकाम मलंगवामा भने सरकारको यस्तो निर्णयको कुनै असर देखिदैन। लकडाउनका कारण व्यापार व्यवसाय चौपट भइ सटर भाडा समेत तिर्न नसक्ने अवस्था आएको साथै ठुलो आर्थिक मारमा परेको भन्दै सरकारले असार १ गतेबाट लागू गरेको पुर्ण लकडाउनको निर्णयलाई लत्याएर व्यवसायीहरू आफ्ना व्यवसाय, पसल खोल्न थालेका छन्। जसले गर्दा बजारमा भडभाड बढेको छ। बजारमा न त सोसल डिस्टान्सिंग(सामाजिक दुरी)को पालना गरिएको छ, न त किनमेल गर्दा नै व्यापारी तथा ग्राहकहरुले व्यक्तिगत सुरक्षा सम्बन्धि कुनै पनि मापदण्ड अपनाएका छन्।

सदरमुकाम मलंगवा बाहेक जिल्लाको लालबन्दी, हरिवन, बरहथवा, इश्वरपुर बयलबास, बागमती लगायतका नगरपालिकाहरुले कोरोना संक्रमणको जोखिमलाई लक्षित गरि जारी गरेको नयाँ मापदण्डको पालना गर्दै औषधि पसल



बाहेकका सबै पसल तथा व्यापार बन्द गराइसकेका छन्।

तर सदरमुकाम मलंगवा नगरपालिकाका जनप्रतिनिधिहरुले भने सरकारको यस्तो निर्णयको बेवास्ता गर्दै निवधि रुपमा सबैखाले पसलहरु खोल्न दिएका छन् । ग्रामीण क्षेत्रमा भाडाका साना सवारीसाधनहरु पनि निवधि रुपमा चलेका छन्।

यहाँका जनप्रतिनिधिहरु आफ्नो कामप्रति गैरजिम्मेवार रहेके कारण मलंगवालाई पुर्ण लकडाउन गर्न नसकिएको स्थानीय बुद्धिजीवीहरुको भनाइ छ। बजारको भिडभाडलाई हेर्दा मलंगवाको अवस्था भयावह हुने भन्दै उनीहरूले चिन्ता व्यक्त गरेका छन्।

झण्डै तीन महिनापछि लकडाउनलाई पहिलो चरणमा खुकुलो गरिए पनि भारतसँग सिमा जोडिका कारण सर्लाहीमा कोरोना संक्रमणको जोखिम उच्च रहेको छ। जिल्लामा अहिलेसम्म ५ सय २७ जना संक्रमितहरु फेला परिसकेका छन्। जसमध्ये ६१ जना संक्रमितहरु मलंगवा, जनकपुर, काठमाडौं, बारा र बिरगंजबाट उपचार पश्चात् निको भइ डिस्चार्ज भएर घर फर्किसकेका छन्।

४ सय ४९ जना कोरोना संक्रमित बिरामीहरु अहिले पनि मलंगवा,कविलासी, हरिपुर लगायतका स्थानका आइसोलेसनमा उपचाररत अवस्थामा रहेका छन्। जिल्लामा पहिलेदेखि नै बस्दै आएका मानिसहरुमा संक्रमण नदेखिएको तर ९८ प्रतिशत भारतबाट आएका मानिसहरुमा मात्र संक्रमण देखिएकाले भारतबाट आउने क्रम घटे सँगै संक्रमितको संख्या पनि घटेकोले डराउनु पर्ने स्थिति नभएकोले अहिलेको लागि जिल्लामा सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरु बन्द गर्ने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जिसीले बताए । तर बजार व्यवस्थापनको हकमा भने लकडाउनलाई केही खुकुलो पारेको र जिल्लामा संक्रमणको अवस्थालाई बुझेर आगामी निर्णयहरु गर्दै जाने प्रजिअ जिसीले जानकारी दिए।

मलंगवा नगरपालिकामा मात्रै २५ जना संक्रमितको पुष्टि भएको छ।

# ५० थान काठ बरामद

**रञ्जन यादव**

जीतपुर । डिभिजन बन कार्यालय सिमरा बाराले ५० थान (२९ क्युफिट) काठ बुधबार बरामद गरेको छ। बन कार्यालबाट खटिएको गस्ती टोलीले जीतपुर सिमरा उपमहानगरपालिका वडा नं.१८ मा रहेको गोठबाट २९ क्युफिट सालको काठ बरामद भएको हो ।

हलखोरीया सब डिभिजन बन कार्यालयको गस्ती टोलीले साईकलको ड्याम पछ्याउँदै जाँदा उक्त परिमाणको काठ बरामद गरेको डिभिजन बन



कार्यालय बाराका प्रमुख मञ्जुर अहमदले जानकारी दिए । बरामद काठमा साल जातको एक थान काठको गोलिया ५.२१ क्युफिटको र ३९ थान चिरानको काठ ११.१४ क्युफिटको बरामद गरिएको छ। त्यस्तै कर्मा जातको तीन थान काठको गोलया ११ क्युफिटको र चिरानको काठ साँत थान १.३६ क्युफिटको बरामद भएको डिभिजन बन कार्यालय बाराले जनाएको छ।

# ३५ क्विन्टल वेवारिसे छोकडा बरामद

**सिकेन्द्र पासवान**

कलैया।भन्सारचोरीनिकासी गर्न लागेको छोकडा प्रहरीले बरामद गरेका छन् । जिल्ला बारा विश्रामपुर गाँउपालिका वडा नं.४ बलिरामपुर टोलको बाटो हुँदै नेपालबाट भारततर्फ विश्रामपुर गाँउपालिका वडा नं.४ बलिरामपुर टोल स्थित दशगजा क्षेत्र नजिकै सुरेन्द्र साहको घर छेउमा आई पुग्दा भारततर्फ चोरी निकासीको लागी तस्करहरूले थुपारी राखेको ५ लाख २५ हजार बराबरको ४० बोरामा



चोरी निकासीको लागि छोकडा तस्करहरूले थुपारेर राखेको भन्ने प्राप्त सूचनाको आधारमा बुधवार बिहान अढाई बजेको समयमा सो छोहडा बरामद गरेको प्रहरी प्रवक्ता गौतम मिश्रले जानकारी दिए।

जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरी टोलिले अन्दाजी ३५ क्विन्टल छोकडा रहेको प्रहरीको भनाई रहेको छ।

तस्करहरुले प्रहरी टोलीलाई देखि भागि फरार भएकोमा उक्त छोकडा बेवारिसे अवस्थामा बरामद गरि आवश्यक कारवाहीको लागी मुल भन्सार कार्यालय बिरगंज पर्सामा पठाइएका प्रवक्ता मिश्रले भने।

# लकडाउनमा रक्तदान

**टुडे समाचारदाता**

कलैया। कोरोना महामारीको समयमा रगतको अभाव नहोस भन्ने उदेश्यका साथ बाराको कलैयामा बुधवार रक्तदान कार्यक्रम गरिएको छ।

उधोग बाणिज्यको हलमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । उपभोक्ता मंचको आयोजनामा भएको उक्त कार्यक्रम मा ३० जानाले रक्तदान गरेका थिए। कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि रहेका पुरुषोतम पौडेलले रक्तदान जीवनदान भएको हुदा रक्तदान गर्नु आफैमा पुन्य काम भएको बताए।

रक्तदानले धेरैको ध्यान जोग्न सक्ने भएको हुदा यो काम निकै नै पुन्य भएको बताउदै पौडेलले यस्तो लक डाउनको अवस्थामा रक्तदान



गराउने आयोजक संस्थालाई धन्यवाद समेत ब्यक्त गरेका थिए।

मंचका अध्यक्ष नरेश मोदकको अध्यक्षतामा सो रक्तदान कार्य सम्पन्न भएको थियो। प्राविधिक टोली ब्लड बैक गौरका डाकटर धर्मन्द्र सिहले सहयोग गरेका थियो।

# लकडाउन खुकुलो भएसँगै विकास निर्माण कार्यमा तिब्रता

**टुडे समाचारदाता**

वीरगञ्ज । बन्दाबन्दी खुकुलो भएपछि विकास निर्माण कार्यहरुले तिब्रता पाएको



छ । कोरोना रोग संत्रमणलाई मध्यनजर गर्दै सरकारले घोषण गरेको बन्दाबन्दीको कारण वार्षिक विकास निर्माण कार्यहरु रोकिएका थिए।

आर्थिक बर्षको अन्तिम महिना भएको कारणले पनि बन्दाबन्दीबाट प्रभावित भएका विकास निर्माणहरुलाई संघीय, प्रदेश तथा स्थानिय सरकार हरुलाई अहिले निर्माण कार्य सम्पन्न गर्न चटारो लागेको छ। विरगन्ज महानगरपालिकाको वडा नम्बर २४ को बहुअरीमा निर्माण भइरहेकको सडक ढलान कार्यको बुधबार सिलान्यास गरे । प्रदेश सभासद कोषबाट ५० लाखको लागतमा निर्माण भइरहेको सडक ढलान कार्यलाई स्थानिय श्रीराम सडक निर्माण उपभोक्ता समितिले गरिरहेको छ । शिलान्यास कार्यात्रममा बोल्दे प्रदेश सभासद रमेश पटेलले गाउँदेखि सहरसम्मको सबै सडकहरुलाई पकि सडक बनाउने प्रदेस सरकारको मुख्य लक्ष्य रहेकोले आफुले विकास निर्माणलाई तिब्रता दिएको बताए।

भौतिक विकासलाई जोड दिदे प्रदेशको जनताको जनजीवनलाई सहज बनाउन सकिने उनको भनाइ रहेको थियो। सडक ढलान कार्यत्रममा वडा नम्बर २४ का वडाध्यक्ष दशरथ पटेल,वडासदस्य रामकेश्वर कुशवाहा, उपभोक्ता समितिका शिवशंकर द्विवेदी ,विरवल यादव,रामनाथ कुशवाहा,रामबाबु सर्राफ,सुग्रीम यादव,पवन पासवान, आसनेहा कुशवाहा लगायतका व्यक्तिहरुको उपस्थिती थियो।

# १२ हजार हेक्टरमा चैतेधान

**टुडे समाचारदाता**

कलैया। बाराका कृषकहरुले आर्थिक बर्ष २०७६/७७ मा चैत्रे धान खेती कुल १२ हजार १ सय १३ हेक्टर क्षेत्रफलमा खेती गरिएको कृषि ज्ञानकेन्द्रले जनाएको छ।

कृषकहरुले बिकासी जातका हर्दिनाथ १, चेते २, चैते ४ र स्थानिय जातका बगडी, कुडिया जातका धान खेती गरिएकोमा समय, समयमा बर्षा भैरहेकोले उत्पादनमा वृद्धि हुने अनुमान गरिएको ज्ञानकेन्द्रका प्रमुख जितेन्द्र यादवले जानकारी दिए।

गत आर्थिक बर्ष २०७५/७६ सालमा कृषकहरुले बिभिन्न जातका चैतेधान १२ हजार २ सय २५ हेक्टर क्षेत्रफलमा खेती गरि ७१ हजार ६ सय ६६ दशमलव ९८ मेट्रिकटन चैतेधान उत्पादन भएको प्रमुख यादवले बताए।

नोबेला कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संत्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उत्तम उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## जनकपुर टुडे मिडिया ग्रुपको अपिल

- नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।
- खोक्दा, हाँच्छिउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।
- रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।
- अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोएर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने वस्तु सफा राख्ने ।
- रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।
- माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com